# जनप्रतिनिधित्व नियमावली, २०१५

जनप्रतिनिधित्व ऐन, २०१५ को दफा ३० र ७१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्वाचन आयोगको सल्लाह लिई देहायका नियमहरू बनाएको छः-

## भाग १

## मतदाताहरूको नामावली तयार गर्ने

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यो ऐनको नाम- जनप्रतिनिधित्व नियमावली, २०१५ रहेको छ ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुने छन् ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमहरूमा--

(क) "ऐन" भन्नाले जनप्रतिनिधित्व ऐन, २०१५ सम्झनु पर्छ ।

(ख) "फाराम" भन्नाले यो नियमावलीको अनुसूचीमा दिइएको फाराम सम्झुनु पर्छ ।

(ग) "नामावाली" भन्नाले कुनै निर्वाचन क्षेत्रको मतदाताहरूको नामावली सम्झनु पर्छ ।

(घ) "नामावली दोहर्‍याउने अफिसर" भन्नाले कुनै निर्वाचन क्षेत्रको मतदातहरूको नामावली दोहर्‍याउने र यस सम्बन्धमा अरू

तोकिएको काम गर्न अख्तियार पाएका अफिसरलाई सम्झनु पर्छ।

## परिच्छेद २

३. <u>नामावलीमा दर्ता गरिने विषयहरू</u>:- नामवलीमा निर्वाचन आयोगले तोके बमोजिम मतदाता सम्बन्धी बेहोराहरू दर्ता गरिने छ ।

४. <u>नामावली तयार गर्ने</u>:- (१) हरेक निर्वाचनक्षेत्रको निमित्त छुट्टा छुट्टै नामावली तयार गरिनेछ ।

(२) ऐनको दफा ७ मुताविक अयोग्यता नभएको कुनै पनि व्यक्तिले आफ्नो नाम आफू बसेको निर्वाचन क्षेत्रको नामावलीमा दर्ता गराउन पाउनेछ ।

(३) कुनै व्यक्तिले पनि एक भन्दा बढी निर्वाचन क्षेत्रको नामावलीमा आफ्नो नाम दर्ता गराउन पाउने छैन ।

(४) कुनै व्यक्तिले निर्वाचन क्षेत्रको नामावलीमा एक पटक भन्दा बढी आफ्नो नाम दर्ता गराउन पाउने छैन ।

५. <u>नामावली तयार गर्ने सूचना</u>:- नामावली तयार गर्ने काम शुरू हुनु अगावै नामावली रजिष्ट्रेशन अफिसरले निर्वाचन आयोगको आदेश अनुसार निर्वाचनको लागि नामावली तयार हुन लागेको सूचना प्रकाश गर्ने छ ।

६. <u>परिवारको जानिफकारले जवाफ दिनुपर्नेः</u>- हरेक परिवारको जानिफकारले नामावली रजिष्ट्रेशन अफिसरले नामावली तयार गर्नको निमित्त सोधेका कुराहरूको आफूले जाने बुझे सम्मको जवाफ दिनु पर्दछ ।

७. <u>नामावलीको पहिलो प्रकाशनः</u>- (१) नामावली रजिष्ट्रेशन अफिसरले नामावलीको पहिलो प्रकाशन निर्वाचन आयोगले आदेश द्वारा तोकेको रीत बमोजिम सो आयोगले तोकेको ठाउँ हरूमा गर्नेछन् ।

(२) नामावलीमा पहिलो प्रकाशन गर्दा नामावली रजिष्ट्रेशन अफिसरले फाराम नं. १ भरी सो फाराम सर्वसाधारणले थाहा पाउन सक्ने ठाउँहरूमा प्रकाशित गर्ने छन् ।

(३) नामावली रजिष्ट्रेशन अफिसरले आफू खटिएको निर्वाचन क्षेत्रको नामावलीको छुट्टा छुट्टै भाग गरी हरेक भाग सर्वसाधारणले सकेसम्म थाहा पाउन सक्ने संबन्धित स्थानमा फाराम नं. १ भरी सो फाराम सहित प्रकाशित गर्नेछन् ।

८. <u>दावी र विरोधपत्रः</u>- (१) नामावली दर्ता गर्न छुटेको नाम दर्ता गराउन वा दर्ता भएको नाम वा कुनै बेहोरा बारे विरोध गरी नाम कटाउन वा कुनै दर्ता सच्याई माग्नेले नियम ७ बमोजिम प्रकाशन भएको मितिले तीस दिन भित्र आफ्नो दावी वा विरोधपत्र पेश गर्नु पर्दछ ।

तर नामावलीमा नाम दर्ता नभएको कुनै व्यक्तिले नामावलीबाट कसैको नाम कटाउने वा दर्ता भएको कुनै बेहोरा सच्याउने विरोधपत्र पेश गर्न पाउने छैन ।

(२) कुनै निर्वाचन क्षेत्र वा कुनै निर्वाचन क्षेत्रको कुनै भागको निमित्त उपनियम (१) मा तोकिएको अवधि पर्याप्त छैन भन्ने लागेमा निर्वाचन आयोगले सो अवधिलाई अरू पन्द्र दिनसम्म पर सार्न सक्नेछ ।

९. नामावली दोहोर्‍याउने अफिसरः- नियम ८ बमोजिम पेश हुने भएको दावीपत्र वा विरोधपत्रका निर्णय निर्वाचन आयोगले सरकारी कर्मचारी मध्येबाट खटाएका नामावली दोहोर्‍याउने अफिसरहरूले गर्नेछन्, त्यस्तो अफिसर मनोनीत गर्दा साधारणतः नामावली रजिष्ट्रेशन अफिसरलाई मनोनीत गर्न हुँदैन।

१०. दावी वा विरोधपत्र पेश गर्ने तरीकाः- (१) दावीपत्र पेश गर्दा फाराम नं. २ र विरोधपत्र पेश गर्दा फाराम नं. ३ प्रयोग गर्नु पर्छ ।

(२) दावीपत्र र विरोधपत्र फाराम नं १ मा तोकिएको नामावली दोहोर्‍याउने अफिसरलाई लेखि निजैलाई अथवा नामावली रजिष्ट्रेशन अफिसर वा त्यस सम्बन्धमा निर्वाचन आयोगले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको अफिसर मार्फत दिनुपर्छ । रजिष्टरी गरी हुलाकद्वारा पठाए पनि हुन्छ ।

(३) नामावलीमा नामदर्ता गराई माग्नेले दावीपत्रमा सहिछाप गरी आफू वा आफ्नो वारिसद्वारा पेश गर्नु पर्छ । हुलाकद्वारा रजिष्टरी गरी पठाए पनि हुन्छ ।

(४) नामावलीमा दर्ता भएको कसैको नाम कटाउन वा दर्ता भएको कुनै बेहोरा सच्याउन पेश भएको विरोधपत्रमा यस्ता व्यक्तिको बारेमा नामावलीमा दर्ता भएको सबै बेहोरा खुलाई लेख्नु पर्छ ।

(५) एक निर्वाचन क्षेत्रको नामावलीबाट अर्को निर्वाचन क्षेत्रको नामावलीमा नामसारी गराई माग्नेले नाम दर्ता भएको निर्वाचन क्षेत्रमा नाम कटाउन विरोधपत्र पेश गर्नु पर्छ र त्यसपछि नाम दर्ता गराउन चाहेको निर्वाचन क्षेत्रमा दावीपत्र पेश गर्नु पर्छ ।

११. <u>बेरितका दावी वा विरोधपत्र उपर कारवाई नहुने</u>:- यो नियमावलीमा तोकिएको समयभित्र तोकिएको तरिकाले पेश नभएको दावी वा विरोधपत्र उपर कुनै कारवाई गरिने छैन ।

१२. <u>दावा वा विरोधपत्रको दर्ता किताब खडा गर्ने</u>:- नामावली दोहर्‍याउने अफिसर, नामावली रजिष्ट्रेशन अफिसर र नियम १० (२) बमोजिम दावी वा विरोधपत्र लिने अफिसरले दावीपत्र र विरोधपत्रको छुट्टा छुट्टै दर्ता किताब खडा गरी राख्नु पर्छ ।

१३. <u>दावी र विरोध बारे सूचना</u>:- नियम ११ बमोजिम कारवाई नगरिने बाहेकका दावीपत्र वा विरोधपत्रमा निर्णय गर्नु अगावै नामावली दोहोर्‍याउने अफिसरले दावीपत्रको हकमा दावी गर्ने व्यक्ति वा निजको वारेसलाई फाराम न. २ को भाग २ भरी सूचना दिने छन् । र विरोधपत्रको हकमा विरोध गर्ने व्यक्ति वा निजको वारेसलाई फाराम नं.३ को भाग २ भरी र जसको विरुद्ध विरोध गरिएको छ सो व्यक्ति वा निजको वारेसलाई फाराम नं. ३ को भाग ३ भरी सूचना दिने छन् ।

तर दावीपत्रको बेहोरा साँचो हो र अरू सोधपुछ गरिरहनु पर्दैन भन्ने ठहारएमा नामावली दोहोर्‍याउने अफिसरले विना सूचना पनि दावीपत्र मञ्जूर गर्न सक्नेछन् ।

१४. सूचना तामेल गर्ने तरीकाः- कुनै व्यक्तिलाई नियम १३ बमोजिमका सूचना तामेल गर्नु पर्दा सो सूचना निजको हातमा बुझाई वा हुलाकद्वारा पठाई वा निजको घर दैलामा टाँस गरी तामेल गर्नुपर्छ । घर दैलामा टाँसेकोमा सो टाँसेको बेहोरा साँचो हो भन्ने बेहोरामा सरजमिनका दुइ जना व्यक्ति सम्मको सहिछाप परेको हुनुपर्छ ।

१५. दावी वा विरोधपत्रको निर्णयः- (१) कुनै दावी वा विरोधपत्रको किनारा लगाउँदा नामावली दोहर्‍याउने अफिसरले सो विषयमा ठाडै बुझी निर्णयदिने छ र यस सम्बन्धमा नामावाली दोहर्‍याउने अफिसरको निर्णय अन्तिम हुनेछ। यस्ता सबै निर्णयको सूचना नामावली दोहराउने अफिसरले नामावली रजिष्ट्रेशन अफिसरलाई दिनेछ र निजले सोही मुताविक नामावलीको संशोधन गर्नेछन् ।

(२) नामावली दोहराउने अफिसरले नामावलीमा कतै कुनै लेखाई वा छपाईको भूल देखेमा सो सच्याउन नामावली रजिष्ट्रेशन अफिसरलाई सूचित गर्न सक्नेछन् ।

१६. दर्ता भएको नाम वा अरू बेहोरा सच्याउनेः- नामावलीमा दर्ता भएको आफ्नू नाम वा अरू कुनै बेहोरा सच्याउन चाहनेले नियम ७ बमोजिम नामावलीको पहिलो प्रकाशन भएको मितिले ३० दिन भित्र नामावली रजिष्ट्रेशन अफिसर कहाँ दरखास्त पेश गर्नु पर्दछ । यस्तो दरखास्त पेश भएमा आवश्यक कुरा

बुझी नामावली रजिष्ट्रेशन अफिसरले नामावलीमा सो दर्ता भएको नाम वा अरू बेहोरा सच्याउन सक्नेछन् ।

१७. लेखाई छपाईको भूल सच्याउनेः- नामावली रजिष्ट्रेशन अफिसर आफैंले नामावलीमा कतै कुनै लेखाई छपाईको भूल देखेमा सो भूल सच्याउन सक्नेछन् ।

१८. नामावलीको अन्तिम प्रकाशनः- नियम १५, १६ वा १७ बमोजिम सच्याएको नामावली निर्वाचन आयोगले आदेश द्वारा तोकेको रीत मुताविक सो आयोगले तोकेको ठाउँहरूमा नामावली रजिष्ट्रेशन अफिसरले अन्तिम रूपले प्रकाशित गर्नेछन् । यसरी अन्तिम रूपले प्रकाशित गर्दा नामावली रजिष्ट्रेशन अफिसरले फाराम नं. ४ भरी सो फाराम सर्वसाधारणले देख्न सक्ने ठाउँहरूमा प्रकाशित गर्नुपर्दछ र यो नामावली अन्तिम नामावली मानिनेछ ।

१९. नामावलीको अन्तिम प्रकाशन भएपछि पनि नामावलीमा नाम दर्ता गर्नेः- (१) नामावलीको अन्तिम प्रकाशन भइसकेपछि पनि ऐनको दफा १५ अनुसार श्री ५ महाराजाधिराजबाट निर्वाचन गर्ने घोषणा गरिबक्सेको मितिदेखि ऐनको दफा २३ अनुसार नोमिनेशनपत्र पेश गर्ने आखिरी मितिको ७ दिन अघि सम्ममा नामावलीमा आफ्नो नाउँ दर्ता भइनसकेको, ऐन बमोजिम मत दिने योग्य व्यक्तिले रु.२५।— दस्तूर दाखिल गरी २ नं. फाराम (भाग १) बमोजिमको दावीपत्र नामावली रजिष्ट्रेशन अफिसर कहाँ पेश गर्न सक्नेछ ।

(२) नामावली रजिष्ट्रेशन अफिसरले सो दावीपत्र आफ्नू अफिसमा सर्वसाधारणले देख्ने ठाउँमा प्रकाशित गर्नुपर्छ र सो प्रकाशित भएको मितिले ३ दिन सम्ममा जोसुकैले पनि उजुरी दिन सक्नेछ ।

(३) नामावली रजिष्ट्रेशन अफिसरले पेश भएको उजुरीमा समेत विचार गरी आफनो अन्तिम निर्णय दिन सक्नेछ र सो निर्णय अनुसार नामावलीमा सो व्यक्तिको नाउँ दर्ता गर्न सक्नेछ ।

२०. <u>हरेक वर्ष नामावली संशोधन गर्नेः</u>- (१) यो नियमावली बमोजिम तयार भएको हरेक निर्वाचन क्षेत्रको नामावली, हरेक वर्ष ऐनको दफा ८(२) बमोजिम तोकिएको मतदान दिन योग्य हुने मिति अनुसार यस नियमावली बमोजिम संशोधन गर्नु पर्दछ ।

(२) कुन कारणले कुनै वर्ष उपनियम (१) अनुसार नामावली संशोधन गर्न नसकिएमा अघिल्लो नामावली नै सो वर्ष पनि लागू रहने छ ।

२१. <u>नामावलीको संरक्षणः</u>- हरेक निर्वाचनको नामावलीको कमसेकम १ प्रति र नामावली दोहर्‍याउने अफिसर र नामावली रजिष्ट्रेशन अफिसर कहाँ रहेका निर्वाचन सम्बन्धी सबै कागजपत्रहरू निर्वाचन आयोगले निर्देश गरेको अड्डामा बुझाउनु पर्दछ । यस्ता कागजपत्रहरू निर्वाचन आयोगले अर्को आदेश दिएकोमा बाहेक अर्को नामावली अन्तिम रूपले तयार नभएसम्म सुरक्षित राख्नु पर्छ ।

२२. निर्वाचन सम्बन्धी कागजपत्रहरू हेर्न पाउनेः- हरेक व्यक्तिले नियम २१ मा लेखिएको कागजपत्रहरू हेर्न निर्वाचन आयोगले तोकेको दस्तूर तिरो त्यसको रितपूर्वकको नक्कल लिन पाउने छ ।

## भाग २

## निर्वाचनको संचालन र निर्वाचन सम्बन्धी झगडाको निर्णय गर्ने

## परिच्छेद १

## नोमिनेशनपत्र

२३. निर्वाचनको साधारण सूचनाः- ऐनको दफा २३ बमोजिम प्रकाशित गर्नु पर्ने निर्वाचनको साधारण सूचना फाराम नं ५ मा निर्वाचन आयोगको निर्देशबमोजिम रिटर्निङ अफिसरले मुनासीव सम्झेको तरीकाले प्रकाशित गर्नेछन् ।

२४. नोमिनेशनपत्रः- (१) कुनै निर्वाचन क्षेत्रको निर्वाचनमा खडा हुन चाहने हरेक उम्मेदवारले फाराम नं ६ बमोजिमको नोमिनेशनपत्र भरी दिउँसो ११ बजेदेखि ४ बजेभित्र आफै वा अधिकार दिएको वारिसद्वारा नियम २३ अनुसार प्रकाशित सूचनामा नोमिनेशनपत्र दाखिल गर्न तोकिएको ठाउँमा तोकिएको अवधिभत्र रिटर्निङ अफिसरलाई बुझाउनुपर्छ ।

(२) हरेक उम्मेदवारले नोमिनेशनपत्र साथै निर्वाचनको निमित्त आफूले नियुक्त गरेको निर्वाचन एजेण्टको नियुक्तिपत्र पेश गर्नु पर्छ । यस्तो

नियुक्तिपत्र नोमिनेशनपत्रसाथ पेश हुन नआएमा उम्मेदवार आफै आफ्नो निर्वाचन एजेण्ट भएको मानिनेछ ।

(३) एक निर्वाचन क्षेत्रको मतदाताले अर्को निर्वाचन क्षेत्रको उम्मेदवार हुन चाहेमा नोमिनेशनपत्र पेश गर्दा वा नोमिनेशनपत्रहरू जाँच हुँदा आफू मतदाता भएको निर्वाचन क्षेत्रको नामावलीको आफ्नो नाम परेको आवश्यक अंशको रीतपूर्वकको नक्कल पनि पेश गर्नु पर्छ, यस्तो नक्कल सरोकारवाला नामावली रजिष्ट्रेशन अफिसरबाट फाराम नं ७ मा प्रमाणित भएको हुनुपर्छ ।

(४) नियम २३ अनुसार प्रकाशित सूचनाद्वारा नोमिनेशनपत्र पेश गर्न तोकिएको आखिरी दिनको ४ बजेपछि पेश गरिएको नोमिनेशनपत्र दर्ता गरिने छैन ।

२५. <u>नोमिनेशनपत्रमा हेर्नु पर्ने कुरा</u>ः- नोमिनेशनपत्र पेश भएपछि रिटर्निङ अफिसरले त्यसमा लेखिएको उम्मेदवारको नाम र निजको नामावलीको क्रम संख्या सम्बन्धित निर्वाचन क्षेत्रको नामावलीमा दर्ता भए बमोजिम छ छैन भन्ने कुरा हेर्नेछन् र त्यसमा कुन लेखाइको भूलले नामावलीमा दर्ता भएको कुनै व्यहोरासंग फरक हुन गएमा सो सच्याउन मौका दिनेछन् । नामावलीमा न कुनै लेखाई वा छपाईको भूलले निजको नाम र क्रमसंख्यामा केही फरक देखिन आएमा रिटर्निङ अफिसरले सो भूल भएको कुराको वास्ता राख्नुपर्दैन ।

२६. निर्वाचनलाई धरौटः- (१) कुनै निर्वाचन क्षेत्रबाट निर्वाचनको लागि उम्मेदवार हुन चाहने व्यक्तिले आफ्नो नोमिनेशनपत्र पेश गर्दा गराउँदा; २५०।— रूपियाँ रिटर्निङ अफिसरकहाँ वा निजले तोकेको अड्डामा धरौट राख्नु पर्दछ ।

(२) रिटर्निङ अफिसरले वा निजले तोकेको अड्डाले त्यस्तो धरौट बुझेपछि सो बुझेको रसिद दिनुपर्छ ।

(३) एकै निर्वाचन क्षेत्रमा एक भन्दा बढी नोमिनेशनपत्र दाखिल गरी मनोनीत हुन चाहनेले एक भन्दा बढी धरौट राख्नु पर्दैन ।

२७. उम्मेदवारहरूको निर्वाचन चिन्हः- (१) निर्वाचन आयोगले निर्वाचनमा उम्मेदवारहरूले प्रयोग गर्न पाउने निर्वाचन चिन्हको फेहरिस्त नेपाल गजेटमा प्रकाशित गर्नेछ र त्यसमा हेरफेर भएमा सोही प्रकारले नेपाल गजेटमा प्रकाश गर्ने छ ।

(२) हरेक उम्मेदवारले सो निर्वाचन चिन्हहरूमध्ये आफूले रोजेको क्रम अनुसार कुनै तीन चिन्हहरू छानी फलानो प्रथम, फलानो द्वितीय र फलानो तृतीय भनी नोमिनेशनपत्रमा जनाउनु पर्छ ।

तर निर्वाचन आयोगले उम्मेदवारहरूले रोजेको चिन्हबारे आवश्यक प्रतिबन्ध लगाउन सक्ने छ ।

(३) कुनै उम्मेदवारको नोमिनेशनपत्रमा रीतपूर्वक निर्वाचन चिन्हहरू जनिएको नभए तापनि रिटर्निङ अफिसरले सो कुराको वास्ता राख्न पर्दैन ।

२८. <u>नोमिनेशनपत्र पेश भएको सूचनाः</u>- (१) रिटर्निङ अफिसरले कुनै उम्मेदवारको नोमिनेशनपत्र बुझ्ना साथ सो पत्र बुझाउने व्यक्तिलाई सो बुझेको भर्पाई र नोमिनेशनपत्रहरू जाँच गर्ने मिति, समय र स्थानको सूचना फाराम नं. ६ को भाग २ भरी दिने छन् ।

(२) रिटर्निङ अफिसरले दाखिल हुन आएको नोमिनेशनपत्रमा त्यसका क्रम संख्या र आफूले सो बुझेको मिति राखी सही छाप गर्नु पर्छ । र सोही दिन उम्मेदवारको नोमिनेशनपत्रमा लेखिए बमोजिम नाम, थर, वतन इत्यादि खोली फाराम नं. ८ बमोजिमको नोमिनेशनपत्र पेश भएको सूचना आफ्नो अफिसमा सर्वसाधरणले देख्ने ठाउँमा टाँस्न लगाउने छन्।

२९. <u>नोमिनेशनपत्रको जाँचः</u>- (१) नियम २३ अनुसार प्रकाशित भएको सूचना द्वारा निश्चित गरिएको मिति, समय र स्थानमा रिटर्निङ अफिसरले नोमिनेशनपत्रको जाँच गर्ने छन् र सो जाँच हुँदा उम्मेदवारहरू, निजहरूका निर्वाचन एजेण्टहरू र हरेक उम्मेदवारबाट यस कामको निमित्त अख्तियार पाएको एक एक जनासम्म अरू कुनै व्यक्ति उपस्थित भए म्यादभित्र दाखिल भएका सबै नोमिनेशनपत्रहरू हेर्न मौका दिनेछन्, अरू कसैलाई सो ठाउँमा बस्न दिइने छैन ।

(२) उपनियम (१) मा उल्लिखित व्यक्तिहरूले नोमिनेशनपत्र जाँचे पछि रिटर्निङ अफिसरले आफू सो नोमिनेशनपत्रहरू जाँच्ने छन् र कुनै नोमिनेशनपत्र बारे गरिएको उजुरी सुनी सो उजुरी उपर विचार गरी वा

आफ्नै तजवीजले आवश्यक सम्झेको कुराको ठाडो जाँचबुझ समेत गरी निम्न प्रकारको नोमिनेशपत्रहरूलाई नामंजुर गर्न सक्नेछ ।

(क) ऐन बमोजिम प्रतिनिधि सभाको सदस्य हुन योग्यता नभएको अथवा अयोग्य ठहराइएको कुनै उम्मेदवारको नोमिनेशनपत्र ।

(ख) नियम २४, २५ र २६ मुताविक रीत नपुगेको नोमिनेशनपत्र।

(ग) उम्मेदवारहरूको सही किर्ते भएको नोमिनेशनपत्र ।

(३) रिटर्निङ अफिसरले हरेक नोमिनेशनपत्रमा सो नोमिनेशनपत्र मञ्जूर वा नामञ्जूर गरेको कुरा लेखी नामञ्जूर गरेको भए के कति कारणले नामञ्जूर गरेको हो सो समेत खोली सहीछाप गर्नुपर्छ ।

(४) रिटर्निङ अफिसरले नोमिनेशनपत्रहरूको जाँच गरी निर्णय दिइसकेपछि तुरून्तै मनोनित भएका सबै उम्मेदवारहरूको फेहरिस्त फाराम नं. ९ भरी सो फाराम सर्वसाधरणले देख्ने गरी आफ्नो अफिसमा टाँस्नेछन् ।

३०. <u>उम्मेदवारहरूको नाम फिर्ता लिनेः</u>- (१) उम्मेदवारहरूले नियम २३ अनुसार प्रकाशित भएको सूचनाद्वारा तोकिएको उम्मेदवारबाट नाम फिर्ता लिने म्यादभित्र दिउँसो ११ बजेदेखि ४ बजेसम्म रिटर्निङ अफिसर छेउ फाराम नं. १० भरी सूचना पठाई आफ्नो नाम फिर्ता लिन सक्नेछन् ।

यस्तो सूचना उम्मेदवारहरूले आफै वा आफ्नो निर्वाचन एजेण्टद्वारा पेश गर्न सक्नेछन् ।

(२) कुनै उम्मेदवारले आफ्नो नाम फिर्ता लिने सूचना पठाइ सकेपछि सो सूचना फेरि फिर्ता लिन पाउने छैनन् ।

(३) उम्मेदवारबाट नाम फिर्ता लिने सूचना पेश हुन आएमा रिटर्निङ अफिसरले यसमा आफ्नो सहीछाप गरी राख्ने छन् । म्यादभित्र सूचना पठाई नाम फिर्ता लिने उम्मेदवारहरूको फेहरिस्त फाराम नं. ११ भरी सर्वसाधारणले देख्ने ठाउँमा आफ्नो अफिसमा टाँस्ने छन् ।

३१. <u>निर्वाचनमा खडा भएको उम्मेदवारको फेहरिस्त</u>ः- (१) उम्मेदवारहरूले नाम फिर्ता लिने अवधि सकिएपछि रिटर्निङ अफिसरले नाम फिर्ता लिने बाहेक अरू मनोनीत भएका सबै उम्मेदवारहरूको नामको फेहरिस्त फाराम नं. १२ भरी सो फाराम सर्वसाधारणले देख्ने गरी आफ्नो अफिसमा टाँस्ने छन् र एक प्रति निर्वाचन आयोगमा तुरून्तै पठाउने छन् सो फेहरिस्तको एक एक प्रति मनोनीत भएका उम्मेदवारहरू वा निजका निर्वाचन एजेण्टलाई दिने छन् ।

(२) उपनियम (१) अनुसार निर्वाचनमा खडा भएको उम्मेदवारहरूको फेहरिस्त निर्वाचन आयोगले नेपाल गजेटमा प्रकाशित गर्नेछ ।

३२. <u>उम्मेदवारहरूको निर्वाचन चिन्ह तोक्ने</u>ः- (१) कुनै निर्वाचन क्षेत्रमा खडा भएका उम्मेदवारहरूको संख्या एकभन्दा बढी भएमा रिटर्निङ अफिसरले यथासंभव निजहरूले रोजेअनुसार हरेक उम्मेदवारलाई भिन्नाभिन्नै निर्वाचन चिन्ह तोकिदिनेछ र एकभन्दा बढी उम्मेदवारले एकै निर्वाचन चिन्ह छानेका रहेछन् भने गोला हाली निर्णय गर्नेछ । यस सम्बन्धमा रिटर्निङ अफिसरले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) रिटर्निङ अफिसरले प्रत्येक उम्मेदवारलाई तोकिदिएको निर्वाचन चिन्ह प्रमाणित नमूना निज वा निजका निर्वाचन एजेण्टलाई दिनेछ ।

## परिच्छेद २

## उम्मेदवार र निजको एजेण्टहरू

३३. निर्वाचन एजेण्टको नियुक्तिः- (१) कुनै उम्मेदवारले जुन सुकै वखत पनि आफ्नो निर्वाचन एजेण्ट नियुक्त गर्नु पर्दा फाराम नं. १३ बमोजिमको नियुक्तिपत्रद्वारा गर्नु पर्छ र सूचनाको निमित्त सो नियुक्तिपत्रको १ प्रति रिटर्निङ अफिसरलाई पठाउनु पर्दछ ।

(२) कुनै उम्मेदवारले कुनै पनि बखत आफ्नो निर्वाचन एजेण्ट नियुक्ति नगरेमा आफैं आफ्नो निर्वाचन एजेण्ट नियुक्त भएको मानिने छ ।

३४. निर्वाचन एजेण्टको योग्यताः- ऐनअनुसार प्रतिनिधि सभाको सदस्य हुन सक्ने व्यक्ति कुनै उम्मेदवारको निर्वाचन एजेण्ट हुन सक्नेछ ।

३५. निर्वाचन एजेण्टको मृत्यु वा खारेजीः- (१) कुनै उम्मेदवारले एक निर्वाचन एजेण्टलाई खारेज गरी अर्को निर्वाचन एजेण्ट नियुक्त गर्न हुन्छ । सो खारेज गरेको सूचना उम्मेदवारले फाराम नं. १४ भरी रिटर्निङ अफिसरलाई दिनु पर्छ र सो सूचना दिएको मितिदेखि निज निर्वाचन एजेण्ट खारेज भएको मानिने छ।

(२) कुन उम्मेदवारको निर्वाचन एजेण्ट मतदान अगावै वा मतदानको समयमा वा मतदानपत्र पछि ऐनको दफा २९ अनुसार निर्वाचन खर्चको हिसाव नबुझाउँदै परलोक भएमा निज उम्मेदवारले नियम ३३ ले तोकेको रीत पुर्याई कुनै व्यक्तिलाई आफ्नो नयाँ निर्वाचन एजेण्ट नियुक्त गर्न सक्ने छ ।

३६. <u>पोलिंग एजेण्टको नियुक्तिः</u>- उम्मेदवार वा निजको निर्वाचन एजेण्टले हरेक मत लिने स्थानको निमित्त २ जनासम्म पोलिङ्ग एजेण्टहरू नियुक्ति गर्न पाउनेछन्।

(२) जुनसुकै अवस्थामा पनि पोलिंग एजेण्टहरूको नियुक्ति गर्नु पर्दा फाराम नं. १५ बमोजिमको नियुक्तिपत्रद्वारा गर्नु पर्छ र सो नियुक्तिपत्रको १ प्रति मत लिने स्थानाम पेश गर्ना निमित्त पोलिङ्ग एजेण्टलाई दिनु पर्छ।

३७. <u>मत गन्ने एजेण्टको नियुक्तिः</u>- प्रत्येक उम्मेदवारले वा निजको निर्वाचन एजेण्टले मत गन्ने काम शुरू हुनु भन्दा अगावै ७ जनासम्म मत गन्ने एजेण्ट नियुक्त गर्न पाउने छन् । जुनसुकै अवस्थामा पनि मत गन्ने एजेण्टहरूको नियुक्ति गर्नु पर्दा फाराम नं. १६ बमोजिमको नियुक्तिपत्रद्वारा गर्नु पर्छ र सो नियुक्तिपत्रको १ प्रति सूचनाको निमित्त मत गन्ने काम शुरू हुनु अगावै रिटर्निङ अफिसर छेउ पठाउनु पर्छ ।

३८. <u>पोलिंग एजेण्टको मृत्यु वा खारेजीः</u>- (१) कुनै उम्मेदवार वा निजको निर्वाचन एजेण्टले आफ्नो कुनै पोलिंग एजेण्टलाई खारेज गरी अर्को नयाँ पोलिंग एजेण्ट नियुक्ति गर्नु हुन्छ । सो खारेज गरेको सूचना निजले फाराम नं. १७ मा भरी प्रिजाइडिङ अफिसरलाई दिनुपर्छ र सो सूचना दिएको मितिदेखि सो पोलिंग एजेण्ट खारेज भएको मानिने छ ।

(२) कुनै पोलिंग एजेण्ट मतदानको काम समाप्त हुनु अगावै परलोक भएमा उम्मेदवार वा निजको निर्वाचन एजेण्टले नियम ३६ ले तोकेको रीत पुर्‍याई कुनै व्यक्तिलाई नयाँ पोलिंग एजेण्ट नियुक्त गर्न सक्नेछ ।

३९. <u>मत गन्ने एजेण्टको मृत्यु वा खारेजीः</u>- (१) कुनै उम्मेदवार वा निजको निर्वाचन एजेण्टले आफ्नो कुनै मत गन्ने एजेण्टलाई खारेज गरी अर्को नयाँ मत गन्ने एजेण्ट नियुक्त गर्न हुन्छ । सो खारेज गरेको सूचना निजले फाराम नं. १८ मा भरी रिटर्निङ अफिसरलाई दिनुपर्छ र सो सूचना दिएको मितिदेखि सो मत गन्ने एजेण्ट खारेज भएको मानिने छ ।

(२) कुनै मत गन्ने एजेण्ट मत गन्ने काम शुरू हुनु अगावै परलोक भएको उम्मेदवार वा निजको निर्वाचन एजेण्टले नियम ३७ ले तोकेको रीत पुर्‍याई कुनै व्यक्तिलाई नयाँ मत गन्ने एजेण्ट नियुक्त गर्न सक्नेछ ।

४०. <u>उम्मेदवार र निजको निर्वाचन एजेण्टले मत लिने स्थानमा उपस्थित हुने अधिकारः</u>- (१) हरेक उम्मेदवार वा निजको निर्वाचन एजेण्टलाई आफ्नो निर्वाचन क्षेत्रको हरेक मत लिने स्थानमा मत लिने काम भएको बेलामा उपस्थित रहने अधिकार हुनेछ ।

(२) यो नियमावली अनुसार पोलिंग एजेण्ट वा मत गन्ने एजेण्टले गर्न अधिकार पाएको कुनै काम, उममेदवार वा निजको निर्वाचन एजेण्टले आफै गर्न हुन्छ अथवा यस्तो कुनै काम गर्दा आफ्नो पोलिंग एजेण्ट वा मत गन्ने एजेण्टलाई मद्दत दिन हुन्छ ।

४१. <u>पोलिंग एजेण्ट वा मत गन्ने एजेण्टहरूको अनुपस्थितिः</u>- यो नियमावली अनुसार पोलिङ्ग एजेण्ट वा मत गन्ने एजेण्टको रोहवरमा गर्नु पर्ने कुनै काम गर्दा तोकिएको स्थान र समयमा पोलिङ्ग एजेण्ट वा मत गन्ने एजेण्ट अनुपस्थिति हुँदैमा, सो काम अरू रीत पुगेको छ भने बदर हुने छैन ।

## परिच्छेद ३

## निर्वाचनमा गरिने कारवाई

४२. मत लिनुभन्दा अगाडि उम्मेदवारको मृत्यः- कुनै निर्वाचन क्षेत्रमा मनोनित भएका कुनै उम्मेदवार परलोक भएका र मतदानको काम शुरू हुनु अगावै रिटर्निङ अफिसरले सो कुरा थाहा पाएमा निजले लिखित आडर दिई त्यस निर्वाचन क्षेत्रमा मतदानको काम सकी निर्वाचन आयोगमा रिपोर्ट गर्नु पर्छ । यस्तो अवस्थामा निर्वाचन आयोगले फेरि सबै कारवाई नयाँ सिलसिलाबाट गर्ने आदेश रिटर्निङ अफिसरलाई दिनेछ ।

तर सो रोक्का भएको निर्वाचनको निमित्त नोमिनेशनपत्र स्वीकृत भइसकेको उम्मेदवारले फेरि अर्को नोमिनेशनपत्र पेश गरिरहनु पर्दैन । तर सो निर्वाचनमा नियम ३० अनुसार नाम फिर्ता लिएका र नियम ४३ अनुसार नाम कटाएका उम्मेदवारले फेरि नोमिनेशपत्र पेश गर्न वा गराउन पाउनेछ ।

४३. मत लिने अगावै उम्मेदवारले नाम कटाउनेः- (१) नियम ३१ अनुसार निर्वाचनमा खडा भएका उम्मेदवारहरूको नामको फेहरिस्त प्रकाशित भइसकेपछि पनि कुन उम्मेदवारले नियम २३ अन्तर्गत प्रकाशित हुने निर्वाचनको सूचनामा तोकिएको मतदानको पहिलो दिनको कमसेकम १५ दिन अगाडि सम्ममा दिउँसो ११ बजे देखि ४ बजेसम्म रिटर्निङ अफिसरलाई फाराम नं. १६ भरी सूचना पठाई आफ्नो नाम कटाउन सक्नेछ यस्तो सूचना उम्मेदवारले आफै वा आफ्नो निर्वाचन एजेण्टद्वारा पेश गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारले एक पटक आफ्नो नाम कटाउने सूचना पठाई सकेपछि सो सूचना फिर्ता लिन पाउनेछैन र निजले नियम २६ बमोजिम राखेको धरौट जफत हुनेछ ।

(३) उम्मेदवारबाट नाम कटाउने सूचना पेश हुन आएमा, रिटर्निङ अफिसरले त्यसमा आफ्नो सहीछाप गरी राख्नुपर्छ र सो सूचनाको १ प्रति सर्वसाधरणले देख्ने ठाउँमा आफ्नो अफिसमा टाँस्नुपर्छ र १ प्रति निर्वाचन आयोगमा तुरून्तै पठाउनुपर्दछ । सो सूचनाको १।१ प्रति त्यस निर्वाचन क्षेत्रका बाँकी सबै उम्मेदवार वा निजको निर्वाचन एजेण्टहरूलाई पनि दिनुपर्छ ।

(४) उपनियम (३) अनुसार उम्मेदवारबाट नाम कटाएको सूचना पाएपछि निर्वाचन आयोगले नेपाल गजेटमा प्रकाशित गर्नेछ ।

४४. <u>निर्वाचन लड्ने उम्मेदवारको व्याख्या</u>ः- नियम ४३ अनुसार उम्मेदवारले नाम कटाउन पाउने अवधिपछि बाँकी रहन आएको उम्मेदवारहरू निर्वाचन लड्ने भएको उम्मेदवार मानिनेछन् ।

४५. <u>निर्विरोध भएको निर्वाचन र निर्विरोध भएमा गर्नु पर्ने कारवाई</u>ः- (१) कुनै निर्वाचन क्षेत्रमा निर्वाचन लड्ने भएका उम्मेदवारहरूको संख्या एकभन्दा बढी भएमा रिटर्निङ अफिसरले तोकिएको दिनमा मतदानको काम शरू गराउनेछ ।

(२) एक निर्वाचन क्षेत्रमा एकैजना उम्मेदवार मात्र खडा भएमा अथवा अरू उम्मेदवारहरूले नाम फिर्ता लिई वा नाम कटाई एकजना मात्र उम्मेदवार बाँकी रहन आएमा मत लिने काम गर्नु पर्दैन । सो निर्वाचन

क्षेत्रबाट निज उम्मेदवार निर्वाचन भएको घोषणा रिटर्निङ अफिसरलाई तुरून्तै गर्नेछ ।

(३) यदि कुनै निर्वाचन क्षेत्रमा एकजना उम्मेदवारसम्म पनि खडा हुन नआएमा अथवा कुनै कारणले एकजना उम्मेदवारसम्म पनि बाँकी रहन नआएमा रिटर्निङ अफिसरले त्यसको रिपोर्ट निर्वाचन आयोगलाई दिनेछन् । यस्तो अवस्थामा निर्वाचन आयोगले फेरि सो निर्वाचन क्षेत्रलाई प्रतिनिधि सभाको सदस्य निर्वाचन गर्ने सूचना नेपाल गजेटमा प्रकाशित गर्नेछ र त्यसपछि सबै कारवाई नयाँ सिलसिलाबाट गर्ने आदेश रिटर्निङ अफिसरलाई दिनेछ ।

तर यो उपनियम अन्तरगत दोस्रो पटक निर्वाचनको कारवाई हुँदा पनि कुनै निर्वाचन क्षेत्रबाट कुनै सदस्य निर्वाचित हुन सकेन भने, निर्वाचन आयोग सो निर्वाचन क्षेत्रबाट सदस्य निर्वाचन गराउने प्रबन्ध गराउन बाध्य हुनेछैन ।

## परिच्छेद ४

## मत लिने काम

४६. <u>मत लिने समय निर्धारित गर्नेः</u>- निर्वाचन आयोगले मत लिने समय ठेकान गर्नेछ तर कुनै पनि निर्वाचन क्षेत्रमा मत खसाल्न तोकिएको समय कुनै दिन पनि सात घण्टाभन्दा कम हुनेछैन । मत लिन तोकिएको समयको सूचना

नेपाल गजेटमा र निर्वाचन आयोगले तोकिदिएको अरू तरीकाले प्रकाशित हुनेछ ।

४७. <u>संकटकालिनमा मत खसाल्ने काम स्थगित गर्नेः</u>- (१) कुनै निर्वाचन क्षेत्रका कुनै मतदान केन्द्रमा हूलदंगा भई मतदानको काममा बाधा अडकाउ भएमा वा कुनै प्राकृतिक विपद वा अरू कुनै कारणले गर्दा मत लिने असम्भव भएमा, त्यस्ता मतदान केन्द्रका प्रिजाइडिङ अफिसरले सो दिन मतदानको काम स्थगित गरी सो कुरा सरोकारवाला रिटर्निङ अफिसरलाई तुरून्त सूचना दिनुपर्छ । सो मतदान केन्द्रमा उपनियम (२) अनुसार ठेकान भएको मितिमा फेरि मत लिने काम जारी हुनेछ ।

(२) उपनियम (१) अनुसार कुनै मतदान केन्द्रमा मतदानको काम स्थगित भएमा रिटर्निङ अफिसरले तुरून्त निर्वाचन आयोगलाई सो काम स्थगित गर्नु परेको कारण खोली सूचना दिई सो सूचना प्रकाशित गर्नेछन् र सकभर चाँडो फेरि मत लिने दिन, मतदान केन्द्र स्थापित हुने स्थान र मत लिने समय ठेगान गरी निर्वाचन आयोग लाई सूचना दिनेछन् । रिटर्निङ अफिसरले यसरी ठेगान भएको मत लिने मिति स्थान र समयको सूचना प्रकाशित गर्नेछन् ।

(३) यो नियमानुसार कुनै मतदान केन्द्रमा स्थगित भएको मतदानका काम समाप्त नभएसम्म सो निर्वाचन क्षेत्रको अरू मतदान केन्द्रबाट आएको मत गन्ने काम शुरु गर्न हुँदैन ।

४८. <u>ब्यालेट बक्स बिगारिए वा हराएमा फेरि मत लिन काम गर्ने</u>:- (१) कुनै निर्वाचनमा कुनै व्यालेट बक्स रिटर्निङ अफिसर वा प्रिजाइडिङ अफिसरको जिम्माबाट गैर कानूनी तरीकाबाट लुटिए अथवा खोसिएमा वा कुनै गैर कानूनी तरीकाले खोलिए, बिगारिए, फोहरिएमा वा दुर्घटनावश वा जानी जानी नास गरिए अथवा हराएमा सो ब्यालेट बक्स जुन मतदान केन्द्रको जुन मत लिने स्थानको हो सो स्थानमा मत लिएको बदर हुन्छ र सो स्थानमा फेरि मत लिने काम गर्नुपर्छ ।

(२) उपनियम (१) अनुसार कुनै मत लिने स्थानमा लिएको मत बदर गर्नुपर्ने अवस्था पर्दा, रिटर्निङ अफिसरले सो बदर गरी तुरून्तै निर्वाचन आयोगमा सबै बेहोराको रिपोर्ट गर्नुपर्छ र सकभर चाँडो त्यस्तो स्थानमा मत लिन दिने र समय ठेकान गरी निर्वाचन आयोगलाई सूचना दिनुपर्छ। रिटर्निङ अफिसरले यसरी ठेकान भएको मत लिने मिति र समयको सूचना प्रकाशित गर्नु पर्छ ।

(३) यो नियम अनुसार कुनै मत लिने स्थानमा लिएको मत बदर गरी फेरि भएको मतदानको काम समाप्त नभएसम्म सो निर्वाचन क्षेत्रको अरू मतदान केन्द्रबाट आएको मत गन्ने काम शुरू गर्न हुँदैन ।

४९. <u>निर्वाचनमा मत खसाल्ने तरीका</u>:- हरेक निर्वाचनमा मत लिंदा सो नियमावली अनुसार मतदान पत्रद्वारा गुप्त तरिकाले मत लिइनेछ र एक जनाको सट्टा अर्कोले मत दिन पाउने छैन ।

५०. <u>मतदान पत्र</u>ः- निर्वाचन आयोगले तोकेको नमूनाबमोजिमको मतदानपत्र निर्वाचनमा प्रयोग गरिन्छ ।

५१. <u>ब्यालेट बक्स</u>ः- निर्वाचन आयोगले तोकेको नमूनाबमोजिमको ब्यालेट बक्स निर्वाचनमा प्रयोग गरिनेछ ।

५२. <u>मतदान केन्द्र र मतलिने स्थानहरू</u>ः- (१) हरेक मतदान केन्द्रमा एक वा एक भन्दा बढी मत लिने स्थानहरू हुनेछ ।

(२) हरेक मतदान केन्द्रको हरेक मत लिने स्थान अगाडि सर्वसाधारणले देख्ने ठाउँमा सो स्थानमा कुन कुन इलाका वा गाउँको मतदाताहरूले मत दिन पाउने हो त्यसको सचि र त्यस निर्वाचनक्षेत्रको उम्मेदवारहरूको नामको फेहरिस्त प्रकाशित गरिनेछ ।

(३) हरेक मतदान केन्द्रमा हरेक मत लिने स्थान पिच्छे एक गुप्त कोठा हुनेछ, जहाँ उम्मेदवारहरूको ब्यालेट बक्सहरू लहरै राखिने छ । सो कोठाभित्र राखेको ब्यालेट बक्सहरू बाहिरबाट कसैले नदेख्ने गरी राखिनेछ ।

५३. <u>हरेक मतदान केन्द्रको लागि आवश्यक माल सामानहरू प्रिजाइडिङ अफिसरलाई दिने</u>ः- रिटर्निङ अफिसरले हरेक मतदान केन्द्रको हरेक मत लिन स्थानको निमित्त उम्मेदवारपिच्छे एक एक ब्यालेट बक्स, सो बाकसमा टाँस्ने उम्मेदवारहरूको निर्वाचन चिन्ह भएको कागजहरू आवश्यक मतदानपत्रहरू, सो केन्द्रको इलाकाको नामावलीको आवश्यक अंशको आवश्यक प्रतिहरू र

मतदानको काममा आवश्यक पर्ने अरू माल सामानहरू सरोकारवाला प्रिजाइडिङ अफिसरलाई जिम्मा दिनेछन् ।

५४. <u>ब्यालेट बक्स मत लिने स्थानमा राख्दा गर्नु पर्ने कारवाईः</u>- (१) प्रिजाइडिङ अफिसरले नियम ३२ (१) अनुसार हरेक उम्मेदवारको निमित्त तोकिएको निर्वाचन चिन्ह भएको कागज निजको ब्यालेट बक्सकोभित्र र बाहिर टाँस्न लगाउने छन् ।

(२) प्रिजाइडिङ अफिसरले मत लिने काम शुरू गर्नु अगाडि आफ्नू मतदान केन्द्रमा प्रयोग गरिने हरेक उम्मेदवारको ब्यालेट बक्स खोल्नेछन् र सो ठाउँमा बस्न इजाजत पाएका र सो समयमा उपस्थित भएका उम्मेदवार वा निजका निर्वाचन एजेण्ट र पोलिङ एजेण्टलाई सो बक्स जचाउनुपर्छ र हरेक बक्स रित्तो भएको र त्यसको भित्र बाहिर उपनियम (१) बमोजिम उम्मेदवारको निर्वाचन चिन्ह टाँसिएको देखाउने छन् ।

(३) प्रिजाइडिङ अफिसरले उपनियम (२) मा लेखिएबमोजिम गरेपछि मतदानपत्र छिराउने प्वाल खुला रहने गरी सबैको सामुन्ने ब्यालेट बक्सहरू बन्द गर्नेछन् । सो बक्समा आफ्नो र सो ठाउँमा उपस्थित उम्मेदवार वा निजका निर्वाचन एजेण्ट वा पोलिङ एजेण्टले चाहे निजको पनि सही वा छाप लगाई सो नविगारी फेरि बक्स खोल्न नहुने गरी लाहाछाप लगाउने छन् ।

(४) प्रिजाइडिङ अफिसरले सबै ब्यालेट बक्स बन्द गरी सहीछाप लाहाछाप लगाई सकेपछि सो बक्सलाई नियम ५२ (३) बमोजिमको मत लिने

गुप्त कोठामा कुनै मतदाता सो कोठामा पस्दा निजको आँखा सबै ब्यालेट बक्स बाहिर टाँसिएको उम्मेदवारको निर्वाचन चिन्हमा सोझै पर्ने गरी संगसंगै लहरै राख्न लगाउनेछन् । सो कोठाभित्र अरू कुनै भांडो राख्न दिने छैनन् र उम्मेदवार, निजका निर्वाचन एजेण्ट र पोलिङ एजेण्टलाई सो कोठामा सो बक्सहरू नियम बमोजिम राखे नराखेको जाच्न दिनेछन् ।

५५. <u>मतदान केन्द्रमा प्रवेश</u>ः- (१) प्रिजाइडिङ अफिसरले मतदान केन्द्र वा मत लिने स्थानभित्र भीड वा गोलमाल हुन नपाउने गरी मतदाताहरूलाई आउन लगाउनुपर्छ । मतदाता र देहायका व्यक्ति बाहेक अरू कसैलाई सो ठाउँमा बस्न दिनु हुँदैन ।

(क) सो ठाउँमा खटिएका पोलिंग कर्मचारीहरू

(ख) सो निर्वाचन क्षेत्रको उम्मेदवार, निजको निर्वाचन एजेण्ट र सो ठाउँमा खटिएका एक एक पोलिंग एजेण्ट

(ग) सो ठाउँमा खटिएका कर्मचारीहरू

(घ) अंधा वा अशक्त मतदाताहरूलाई मत दिन लगाउन साथमा लिई आएका व्यक्ति

(ङ) कुनै मतदाता मत दिन आउंदा काखमा भएका बच्चा

(च) निर्वाचन आयोगबाट इजाजत पाएका अरू व्यक्तिहरू

(२) नियम ४६ अनुसार मत लिन तोकिएको समय समाप्त भएपछि प्रिजाइडिङ अफिसरले मतदान केन्द्र बन्द गर्ने छन् र सो समय पछि

कुनै मतदातालाई भित्र आउन दिने छैनन् । तर सो केन्द्र बन्द गर्नु अगाडि सो केन्द्रमा उपस्थित सबै मतदाताहरूले मत दिन पाउने छन् । यस विषयमा कुनै प्रश्न उठेको खण्डमा प्रिजाइडिङ अफिसरको निर्णय अन्तिम हुनेछ ।

५६. <u>जनाना मतदाताहरूको लागि सुविधा</u>:- प्रिजाइडिङ अफिसरले मत लिने स्थानमा सकेसम्म जनाना र मर्दाना मतदाताहरूको छुट्टा छुट्टै लाम लगाइ आलोपालोसँग मत दिन लगाउने प्रबन्ध गर्नेछन् ।

५७. <u>मत दिन आउने व्यक्तिको नामावलीमा दर्ता भएको छ छैन हेर्ने</u>:- (१) मतदान केन्द्रभित्र पसेपछि पोलिंग अफिसरले निजको नाम ठेगाना इत्यादि सोधी निजको नाम नामावलीमा दर्ता भएको छ छैन, दर्ता भएको बेहोरासँग मिल्छ मिल्दैन जाँची निज बारे दर्ता भएको सबै बेहोरा अरूले सुन्ने गरी पढ्नुपर्छ ।

(२) कुनै मतदाताको सम्बन्धमा नामावलीमा दर्ता भएको बेहोरामा कुनै लेखाई वा छपाईको सानोतिनो भूल भएको देखिए तापनि सो दर्ता भएको बेहोरा निज मतदाताकै सम्बन्धको हो भन्ने प्रिजाइडिङ अफिसरको चित्तमा लागेमा त्यस्ता व्यक्तिलाई मतदिन लगाउन हुन्छ ।

५८. <u>नाम ढांटी मत दिन आएमा विरोध गर्ने</u>:- (१) कुनै उम्मेदवार, वा निजका निर्वाचन एजेण्ट वा पोलिंग एजेण्टले, कुनै व्यक्ति फलानो मतदाता हुँ भनी मत दिन आउँदा निज सो मतदाता होइन नाम ढाँटी मत दिन आएको हो भनी विरोध गर्न सक्ने छ ।

तर यस्तो विरोध गर्नु पर्दा हरेक पटक दुइ रूपैयाँ धरौट राख्नुपर्छ ।

(२) सो धरौट राखेपछि प्रिजाइडिङ अफिसरले फाराम नं. २० बमोजिमको "विरोध भएको मतको सूचि" मा विरोध गरिएको व्यक्तिको नाम ठेगाना इत्यादि लेखी त्यसमा निजको सहिछाप गराई दुवै पक्षलाई निजहरूको भएको सबूद प्रमाण पेश गर्न लगाई सो ठाडै बुझी जाँच गर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रिजाइडिङ अफिसरले जाँचबुझ गर्दा निजको रायमा कुनै उम्मेदवार वा निजको निर्वाचन एजेण्ट वा पोलिंग एजेण्टले गरेको विरोध ठीक ठहरिन नआएमा निजले विरोध गरिएको मतदातालाई आफ्नो मत दिने अनुमति दिने छ र सो विरोध असल नियतले नगरेको ठहरिन आएमा उपनियम (१) बमोजिम राखेको धरौट सरकार लाग्ने छ ।

(४) उपनियम (२) बमोजिम प्रिजाइडिङ अफिसरले कारवाई गर्दा, निजको रायमा कुनै उम्मेदवार वा निजको निर्वाचन एजेण्ट वा पोलिंग एजेण्टले गरेको विरोध ठीक ठहरिन आएमा निजले विरोध गरिएको व्यक्तिलाई मत दिन अनुमति दिनेछैन र उपनियम (१) बमोजिम राखेको धरौट राख्ने व्यक्तिलाई सोही दिन फिर्ता दिनेछ ।

(५) यो नियम बमोजिम प्रिजाइडिङ अफिसरले गरेको निर्णय विरोध भएको मतको सूचिमा लेखिराख्नु पर्छ ।

५९. <u>छल कपट रोक्ने विशेष उपाय</u>ः- (१) मत दिन मतदानपत्र माग्ने हरेक मतदाताले सो पत्र लिनु अगाडि आफ्नो देब्रे हातको चोर औंला सो औंला नभए अरू कुनै औंलामा नमेटिने मसीको चिनो लागेको छ छैन प्रिजाइडिङ अफिसर

वा पोलिंग अफिसरलाई जचाई सो चिनो नलागेको भए सो औंलामा नमेटिने मसीले चिनो लगाउन दिनुपर्छ ।

(२) देब्रेहातको चोर औंलामा सो औंला नभए अरू कुनै औंलामा नमेटिने मसीको चिनो लागेको मतदातालाई फेरि मतदानपत्र दिन हुँदैन ।

(३) कुनै मतदाताले आफ्नो औंला जाँच्न नदिएमा वा सो जाँची सके पछि त्यसमा नमेटिने मसी लगाउन नदिएमा वा लगाएको चिनो मेट्न कुनै उद्योग गरेमा निजलाई मतदानपत्र दिन हुँदैन ।

६०. मतदातालाई मतदानपत्र दिनेः- (१) नियम ५७ बमोजिम नामावली जाँचिसकेपछि मत दिन पाउने मतदाताहरू मतदानपत्र जिम्मा लिने पोलिंग अफिसर छेउ जानुपर्छ र सो अफिसरले निजको देब्रेहातको चोर औंलामा सो औंला नभए अरू कुनै औंलामा नमेटिने मसीले चिनो लगाई एउटा मतदानपत्र दिनेछ ।

(२) मतदातालाई मतदानपत्र दिंदा नामावलीको एक प्रतिमा निजको नामको अगाडि निजलाई दिएको मतदानपत्रको सिलसिला नम्बर दर्ता गरी राख्नुपर्छ । नामावलीको सो प्रतिमा कुनै मतदाताको नाम अगाडि मतदानपत्रको सिलसिला नम्बर दर्ता भएको भए निज मतदाताले आफ्नो मत दिन सो दर्ता भएका नम्बरको मतदानपत्र लिइसकेको मानिने छ ।

६१. मतदिने तरीकाः- (१) मतदानपत्र पाएपछि, मतदाता, तुरून्तै मतदिने गुप्त कोठामा जानुपर्छ र जुन उम्मेदवारलाई आफ्नू मत दिने हो निजको निर्वाचन चिन्ह टाँसिएको व्यालेट बक्समा मतदानपत्र छिराउने प्वालबाट आफूले पाएको

मतदानपत्र खसाल्नुपर्छ र तुरून्त बाहिर आउनुपर्छ । मतदानपत्र खसाल्न लाग्ने समयभन्दा बढता कुनै मतदाता पनि सो कोठामा बस्नु हुँदैन ।

(२) मतदाताहरू मत दिने कोठामा एक एक गरी पस्नेछन् जहाँ अरू कसैले नदेखने गरी निजहरूले आफ्नो मत दिनेछन् । सो कोठाभित्र एकजना मतदाता पसेको बखत अर्को मतदातालाई पस्न दिनु हुँदैन ।

६२. दोहोरिएको मतः- (१) कुनै व्यक्तिले फलानो नाम गरेको मतदाता हुँ भनी मत दिएर गएपछि, अर्को व्यक्ति सो नाउँ भएको मतदाता मै हुँ भनी मत दिन आएमा, प्रिजाइडिङ अफिसरले बुझ्नु पर्ने आवश्यक कुरा बुझी सो नाउँ भएको व्यक्ति निजै हो भन्ने ठहारएमा निजलाई फाराम नं. २१ बमोजिमको विशेष मतदानपत्र दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम कुनै व्यक्तिले विशेष मतदानपत्र लिनु अघि फाराम नं. २२ बमोजिमको दोहोरिएको मतको सूचिमा सहिछाप गर्नुपर्छ।

(३) विशेष मतदानपत्र लिने व्यक्तिले आफूले मत दिन चाहेको उम्मेदवारको नाउ लेखी सो मतदानपत्र प्रिजाइडिङ अफिसरलाई दिनुपर्छ । कुनै मतदाता नाउँ लेख्न नसक्ने भएमा प्रिजाइडिङ अफिसरले निज मतदाताले मत दिन चाहेको उम्मेदवारको नाउँ लेखी दिनुपर्छ । तर मतदाताले कुन उम्मेदवारलाई मत दिएको हो कुरा प्रिजाइडिङ अफिसरले गोप्य राख्नुपर्दछ ।

(४) प्रिजाइडिङ अफिसरले उपनियम (३) बमोजिम मतदाताबाट लिएको विशेष मतदानपत्रलाई एउटा छुट्टै खाममा राखी लाहाछाप लगाउनुपर्छ। यस्तो सबै विशेष मतदानपत्रहरू छुट्टै खाममा बन्द गरी राख्नुपर्छ ।

६३. <u>प्रिजाइडिङ अफिसरको मत दिने कोठाभित्र पस्ने अधिकार</u>ः- (१) मतदिने कोठाभित्र पसेको कुनै मतदाताले व्यालेट बक्सहरूमा कुनै किसिमको गोलमाल गरिरहेको अथवा कुनै मतदाता सो कोठामा जरूरतभन्दा बढता समयसम्म बसिरहेको शंका प्रिजाइडिङ अफिसरलाई लागेमा निज अफिसरले सो कोठाभित्र पसी त्यस्तो गोलमाल हुन नदिन र मत लिने काम राम्रो तवरले चालू राख्न आवश्यक कारवाई गर्नु पर्छ ।

(२) कुनै मतदाता मत दिने कोठाभित्र नपसेको अवस्थामा व्यालेट बक्सहरू रीतपूर्वक रहे नरहेको जाँच्न प्रिजाइडिङ अफिसर बीच बीचमा सो कोठाभित्र पस्नुपर्छ ।

(३) यो नियम अन्तर्गत प्रिजाइडिङ अफिसरलाई, जुनसुकै बखत मत दिने कोठाभित्र पस्नुपर्दा, निजले साथमा सो कोठाभित्र पस्न चाहने उम्मेदवार वा निजका निर्वाचन एजेण्ट वा पोलिंग एजेण्टहरू पनि सँगै लानुपर्छ ।

६४. <u>अशक्त मतदाताले मत दिने</u>ः- कुनै अन्धा वा अशक्त मतदाताले मत दिनु पर्दा आफैं व्यालेट बक्समा टाँसिएको निर्वाचन चिन्ह देख्न वा चिन्ह नसक्ने भएमा वा सो बाकसमा मतदानपत्र खसाल्न नसक्ने भएमा प्रिजाइडिङ अफिसरले त्यस्ता मतदातालाई आफूसँगै मत दिने कोठामा लगी, निजले जुन उम्मेदवारलाई मत दिन चाहेको हो सो उम्मेदवारको व्यालेट बक्समा निजको

मतदानपत्र खसाली दिनुपर्छ । प्रिजाइडिङ अफिसरले यस किसिमबाट दिनु परेको मतहरूको संख्या टिपिराख्नु पर्छ तर कुन कुन उम्मेदवारलाई मत दिएको हो सो लेख्न हुँदैन र मत दिएको कुरा गोप्य राख्नुपर्छ ।

६५. <u>मतदान खारेज गर्नेः</u>- (१) कुनै मतदाताले मतदानपत्र पाएपछि मत नदिने निश्चय गरेमा निजले सो पत्र प्रिजाइडिङ अफिसरलाई फिर्ता दिनुपर्छ । प्रिजाइडिङ अफिसरले यसरी फिर्ता भएको मतदानपत्र "खारेज गरिएको मतदानपत्र" लेखेको छुट्टै खाममा राख्नुपर्छ र सो खारेज गरिएको मतदानपत्रको संख्या टिपिराख्नु पर्छ ।

(२) कुनै मतदाताले मतदानपत्र कुनै पनि उम्मेदवारको व्यालेट बक्समा नखसालेर भूँइमा फ्याकेको अथवा सो बक्सको प्वालमा नछिराई त्यसै बाकस माथि वा बाकसनिर राखेको रहेछ भने त्यस्तो मतदानपत्रहरू बारे पनि प्रिजाइडिङ अफिसरले उपनियम (१) बमोजिम कारवाई गर्नु पर्छ ।

६६. <u>मत लिने काम सकिएपछि ब्यालेट बक्सहरूमा लाहाछाप लगाउनेः</u>- (१) मत लिने काम सकिएपछि, प्रिजाइडिङ अफिसरले उपस्थित उम्मेदवार वा निजको निर्वाचन एजेण्ट वा पोलिंग एजेण्टको सामुन्ने हरेक व्यालेट बक्सको मतदानपत्र छिराउने प्वाल बन्द गर्नुपर्छ र बन्द गरेको प्वाल छाप नफोडि खोल्न नहुने गरी जहाँ जहाँ लाहाछाप लगाउन पर्ने हो आफनो र उम्मेदवार वा निजको निर्वाचन एजेण्ट वा पोलिङ्ग एजेण्टले चाहे निजहरूको पनि लाहाछाप लगाउनुपर्छ ।

(२) प्रिजाइडिङ अफिसरले देहायका कागजातहरू छुट्टा छुट्टै खाममा बन्द गरी त्यसमा आफ्नो र उम्मेदवार वा निजको निर्वाचन एजेण्ट वा पोलिंग एजेण्टले चाहे निजहरूको पनि लाहाछाप लगाउनुपर्छ ।

(क) खर्च नभएको मतदानपत्र

(ख) खारेज गरिएको मतदानपत्र

(ग) विशेष मतदानपत्रहरू राखिएको खामहरू

(घ) मतदानपत्र पाउने मतदाताको नाम अगाडि मतदानपत्रको सिलसिला नम्बर दर्ता गरिएको नामावली

(ङ) दोहोरिएको मत सूचि

(च) विरोध भएको मत सूचि

(छ) खर्च नभएको विशेष मतदानपत्र

(झ) रिटर्निङ अफिसरको निर्देशबमोजिम खाम बन्द गरी लाहाछाप लगाई राख्नु पर्ने अरू कुनै कागजपत्रहरू ।

६७. <u>मतदानपत्रको फाँट</u>:- मत लिने काम सकिएपछि, प्रिजाइडिङ अफिसरले फाराम नं. २३ मा मतदानपत्रको फाँट तयार गर्नुपर्छ ।

६८. <u>ब्यालेट बक्स इत्यादि रिटर्निङ अफिसरलाई बुझाउने</u>:- प्रिजाइडिङ अफिसरले नियम ६६ बमोजिम ब्यालेट बक्सहरू र अरू कागजपत्र रहेको खाममा लाहाछाप लगाउने काम गरिसकेपछि सकभर चांडो देहायमा लेखिएको सामानहरू रिटर्निङ अफिसरले तोकेको ठाउँमा निजलाई बुझाउनुपर्छ ।

(क) उम्मेदवारहरूको ब्यालेट बक्सहरू

(ख) नियम ६६ (२) मा लेखिएका बन्दी खामहरू

(ग) मतदानपत्रको फाँट

(घ) मत लिने काममा प्रयोग भएको अरू सबै कागजपत्रहरू

६९. ब्यालेट बक्सहरूको हिफाजतः- रिटर्निङ अफिसरले नियम ६६ मा लेखिएको ब्यालेट बक्सहरू र अरू कागजातहरू हरेक मतदान केन्द्रबाट हिफाजतसाथ ल्याउन र मत गन्ती नहुञ्जेलसमम हिफाजतसाथ राख्न आवश्यक प्रबन्ध गर्नु पर्छ ।

७०. मत लिने काम स्थगित भएमा गर्नु पर्ने कामः- नियम ४७ बमोजिम प्रिजाइडिङ अफिसरले कुनै मतदान केन्द्रमा मत लिने काम स्थगित गरे पछि सो मतदान केन्द्रमा प्रयोग भएको ब्यालेट बक्स र अरू कागजातहरूको सम्बन्धमा पनि नियम ६६, ६७, ६८ र ६९ बमोजिम गर्नु पर्ने सबै काम गर्नु पर्छ ।

७१. स्थगित भएको मत लिने काम फेरि जारी गर्दा गर्नु पर्ने कामः- (१) नियम ४७ अनुसार स्थगित भएको मत लिने काम फेरि जारी गर्दा, सो स्थगित भएको दिन मत दिइसकेको मतदाताहरूले फेरि मत दिनुहुँदैन ।

(२) रिटर्निङ अफिसरले मतलिने काम स्थगित भएका दिनमा मतदानपत्र पाएका मतदाताहरूको नामको अगाडि मतदानपत्रको सिलसिला नम्बर लेखिएको नामावलीको प्रति राखेको बन्दी खाम नयाँ ब्यालेट बक्सहरू र अरू आवश्यक सामानहरू प्रिजाइडिङ अफिसरलाई जिम्मा दिनुपर्छ ।

(३) प्रिजाइडिङ अफिसरले उपनियम (२) बमोजिम रिटर्निङ अफिसरबाट पाएको बन्दीखाम उपस्थित उम्मेदवार वा निजको निर्वाचन एजेण्ट

अथवा पोलिंग एजेण्टको सामुन्ने खोल्नुपर्छ र त्यसमा राखेको नामावलीको प्रति नै, मतलिने काम जारी भएको दिन, मतदाताहरूलाई दिएको मतदानपत्रको सिलसिला नम्बर दर्ता गर्ने काममा प्रयोग गर्नुपर्छ।

(४) यो नियम बमोजिम मतलिने काम जारी हुँदा पनि नियम ४६ देखि नियम ६९ सम्ममा लेखिएको रीत मुताविक काम गर्नु पर्छ ।

## परिच्छेद ५

## मत गन्ती

७२. <u>मत गन्ती</u>:- रिटर्निङ अफिसरले आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा मतलिने काम सकिएपछि सकभर चांडो मत गन्ती गर्नु गराउनु पर्दछ । हरेक उम्मेदवार, निजको निर्वाचन एजेण्ट र मत गन्ने एजेण्टलाई सो निर्वाचनको मत गन्ती गर्ने काम ठीकसँग भए नभएको हेर्न हक हुनेछ ।

७३. <u>मत गन्ती गर्ने मिति तोक्ने</u>:- (१) हरेक निर्वाचन क्षेत्रको रिटर्निङ अफिसरले सो निर्वाचनक्षेत्र भरी मतलिने काम सकिएपछि, मत गन्ती गर्ने मिति, स्थान र समय तोक्नु पर्दछ र सरोकारवाला उम्मेदवारहरूलाई सो तोकिएको मिति, स्थान र समयको लिखित सूचना फार्म नं. २४ भरी दिनुपर्दछ ।

(२) उपनियम (१) अनुसार मत गन्ती गर्न तोकिएको मितिमा कुनै विशेष कारणवश मत गन्ती गर्ने काम गर्न नसक्ने भएमा, रिटर्निङ अफिसरले त्यस दिन सो काम स्थगित गरी सो काम गर्न अर्को मिति, समय र

जरूरत पर्ने अर्को स्थान तोकी सरोकारवाला सबै उम्मेदवारहरूलाई उपनियम (१) बमोजिमको लिखत सूचना दिनुपर्दछ ।

७४. <u>मत गन्ती गर्ने ठाउँमा उपस्थित हुन पाउने व्यक्तिहरूः</u>- (१) मत गन्ती गर्ने ठाउँमा रिटर्निङ अफिसरले आफूलाई मद्दत दिन खटाएको व्यक्तिहरू, खटिएका सरकारी कर्मचारीहरू र नियम ७२ अनुसार सो ठाउँमा बस्न अधिकार पाएका व्यक्तिहरू बाहेक अरू कसैलाई बस्न दिन हुँदैन ।

(२) रिटर्निङ अफिसरले मत गन्ती गर्ने काममा कुनै उम्मेदवार तर्फबाट निर्वाचन सम्बन्धी कुनै काम गर्ने व्यक्तिको मद्दत लिन हुँदैन ।

(३) मत गन्ती गर्ने काम हुँदा कुनै व्यक्तिले कुनै किसिमबाट सो काममा बाधा दियो वा कुनै किसिमको गोलमाल गर्‍यो भने रिटर्निङ अफिसरले निजलाई, दरकार परे पुलिस समेत लगाई मत गन्ती गर्ने ठाउँबाट बाहिर निकाल्न सक्नेछ ।

७५. <u>मत गन्ती गर्ने कामः</u>- नियम ७३ अनुसार तोकिएको मिति, समय र स्थानाम मत गन्ती गर्ने काम शुरू गर्नु अगाडि रिटर्निङ अफिसरले उपस्थित सबैलाई ऐनको दफा ५८ र दफा ६९ (५) पढेर सुनाउनु पर्छ । त्यसपछि रिटर्निङ अफिसरले देहायबमोजिम गर्नुपर्छ ।

(क) हरेक मतदान केन्द्रबाट आएको सबै ब्यालेट बक्सहरू गन्ती गर्नु पर्छ र सो निर्वाचन क्षेत्रमा मतलिने काममा प्रयोग भएका सबै ब्यालेट बक्सहरू पुगे नपुगेको जाँच्नुपर्छ ।

(ख) उम्मेदवार र निजको निर्वाचन एजेण्ट तथा मत गन्ने एजेण्टलाई ब्यालेट बक्सहरू र त्यसमा लागेको लाहाछाप ठीक दुरूस्त साबुद छ छैन जाँच्न दिनुपर्छ ।

(ग) रिटर्निङ अफिसर आफैंले पनि ब्यालेट बक्सहरू र त्यसमा लागेको लाहाछाप ठीक दुरूस्त छ छैन जाँच्नु पर्छ । कुनै उम्मेदवारको कुनै ब्यालेट बक्स गैर कानूनी तरीकाले खोलिएको बिगारिएको, फोडिएको अथवा हराएको देखिन आएमा रिटर्निङ अफिसरले सो दिन त्यस निर्वाचन क्षेत्रको मत गन्ती गर्ने काम स्थगित गर्नु पर्छ । सो ब्यालेट बक्स राखिएको मतलिने स्थानमा नियम ४८ मुताविक फेरि मत लिने काम समाप्त भएपछि, नियम ७३ अनुसार फेरि मत गन्ती गर्ने मिति, समय र स्थान तोकि त्यसको सूचना सरोकारवाला व्यक्तिहरूलाई दिई सो तोकिएको मितिमा मात्र मत गन्ती काम शुरू गर्नुपर्छ।

(घ) सो निर्वाचन क्षेत्रमा मत लिने काममा प्रयोग भएका सबै ब्यालेट बक्सहरू ठीक साबुत अवस्थामा आइपुगेको भए रिटर्निङ अफिसरले मत गन्ती गर्ने काम शुरू गर्नु पर्दछ ।

(ङ) हरेक मत लिने स्थानको सबै उम्मेदवारहरूको ब्यालेट बक्सहरू मध्ये एक जना उम्मेदवारको बक्स खोली गन्ती गरी सकेपछि अर्को उम्मेदवारको बक्स खोली गन्ती गर्ने गरी मत गन्ती गर्नु पर्दछ । एक पटकमा एउटा मत लिने स्थानको ब्यालेट

बक्सहरू खोली सकेपछि मात्र अर्को मत लिने स्थानको ब्यालेट बक्स लेखेबमोजिम गरी खोल्नुपर्छ ।

(च) हरेक ब्यालेटबक्स खोलिसकेपछि सो बाकसहरूमा भएको सबै मतदानपत्र बाहिर झिकी ठेली बनाउनु पर्दछ । त्यसपछि उपस्थित उम्मेदवार वा निजका निर्वाचन एजेण्ट वा मत गन्ने एजेण्टलाई सो ब्यालेट बक्स रित्तो भएको देखाउनुपर्छ र ब्यालेट बक्स भित्र राखिएको उम्मेदवारको निर्वाचन चिन्ह जाँच्न दिनुपर्छ।

(छ) मत लिने काममा प्रयोग भएको कुनै ब्यालेट बक्स कुन चाहि उम्मेदवारको हो भन्ने प्रश्न उठेमा रिटर्निङ अफिसरले सो बक्स भित्र राखिएको निर्वाचन चिन्ह हेरी निर्णय गर्नु पर्दछ ।

तर सो ब्यालेट बक्स खोल्दा भित्र कुन निर्वाचन चिन्ह भएको कागज फेला नपरे वा सो चिन्ह नचिनिने अवस्थामा भए वा एउटै निर्वचन चिन्ह दुइ तीन उम्मेदवारको ब्यालेट बक्समा राखिएको फेला परे, रिटर्निङ अफिसरले सकेसम्म अरू सम्बन्धित सबै कुराहरूको विचार गरी सो ब्यालेट बक्स फलानो उममेदवारको हो भन्ने निर्णय गर्नुपर्दछ । रिटर्निङ अफिसरले यस्तो अवस्थामा कुनै निर्णय गर्न नसके निर्वाचन आयोगमा आवश्यक निर्देशको लागि सबै कुरा खोलि गर्नुपर्दछ, निर्वाचन आयोगले यस विषयमा निर्णय गर्नेछ ।

(ज) रिटर्निङ अफिसरले उम्मेदवारहरू र निजका निर्वाचन एजेण्ट वा मत गन्ती गर्ने एजेण्टहरूलाई नियम ७६ अनुसार बदर गर्नु पर्ने सबै मतदानपत्र जाँच्न दिनुपर्छ । तर कुनै मतदानपत्र हातमा लिन दिनु हुँदैन । बदर गरेको सबै मतदानपत्रको पछाडि "बदर गरेको" भनी लेख्नुपर्छ । कुनै उम्मेदवार वा निजको निर्वाचन एजेण्ट वा मत गन्ती गर्ने एजेण्टले कुनै मतदानपत्र बदर भएकोमा के कारणले बदर भएको हो भनी सोधेमा रिटर्निङ अफिसरले सो बदर गर्नुपर्ने कारण समेत छोटकरीमा सो पत्र पछाडि लेख्नुपर्छ । बदर भएको हरेक मतदानपत्रको सिलसिला नम्बर र सो पत्र कुन चाहि ब्यालेट बक्समा रहेको हो सो ब्यालेट बक्सको विवरण समेत फाराम नं. २५ मा लेखि राख्नुपर्छ । हरेक उम्मेदवारको बदर भएको सबै मतदानपत्रहरू एउटा छुट्टै खाममा राखी लाहाछाप लगाउनुपर्छ र सो खाममा निज उम्मेदवारको नाम, निजको निर्वाचनक्षेत्रको नाम, निर्वाचन भएको मिति र मत गन्ती भएको मिति लेखि राख्नुपर्छ ।

(झ) नियम ७६ बमोजिम बदर गर्नु पर्ने मतदानपत्र बाहेक अरू सबै मतदानपत्रहरू सदर गरी गन्ती गर्नु पर्दछ तर नियम ६२ (४) बमोजिम विशेष मतदानपत्रहरू राखिएको खामहरू खोल्नु हुँदैन र कुनै विशेष मतदानपत्रहरू गन्ती गर्नु हुँदैन ।

(ञ) हरेक मतदान केन्द्रबाट आएको हरेक उम्मेदवारको ब्यालेट बक्समा भएको मतदानपत्र गन्ती गरी त्यसको हिसाब फाराम नं. २६ मा चढाउनु पर्दछ । सो मतदानपत्रहरू एउटा छुट्टै खाममा राखी सो खाममा मतदानपत्र पाउने उम्मेदवारको नाम, निजको निर्वाचन क्षेत्रको नाम, मतदान केन्द्रको नाम, मत लिने स्थानको नम्बर, मतदान भएको मिति र मत गन्ती भएको मिति लेखि राख्नुपर्दछ ।

(ट) हरेक उम्मेदवारको सबै ब्यालेट बक्सहरूको मतदानपत्र गन्ती गरिसकेपछि रिटर्निङ अफिसरले निज उम्मेदवारले पाएको मतदान पत्र भएको सबै खामहरू एउटा छुट्टै पुलिन्दामा राखी लाहाछाप लगाउनु पर्छ । सो पुलिन्दा बाहिर सो मतदानपत्र पाउने उम्मेदवारको नाम, निजको निर्वाचन क्षेत्रको नाम, निर्वाचन भएको मिति र मत गन्ती भएको मिति लेखिराख्नु पर्दछ।

७६. <u>बदर गर्नु पर्ने मतदानपत्रहरूः</u>- (१) रिटर्निङ अफिसरले देहायबमोजिमको मतदानपत्रहरू बदर गर्नु पर्छ ।

(क) मत दिने मतदाता चिन्न सकिने गरी कुनै चिन्ह वा केही कुरा लेखिएको मतदानपत्र ।

(ख) कुनै मतदान केन्द्रमा प्रयोग गर्न तोकिएको क्रमसंख्या भएको मतदानपत्र नभई अरू नै क्रमसंख्या भएको मतदानपत्र ।

(ग) जाली मतदानपत्र ।

(घ) मतदानपत्र च्यातिई वा झुत्रोभई सक्कली मतदानपत्र हो भनी छुट्याउन नसकिने मतदानपत्र ।

(२) कुनै मतदाताले कुनै उम्मेदवारको ब्यालेट बक्समा एकभन्दा बढी मतदानपत्र खसालेको रहेछ भन्ने रिटर्निङ अफिसरले ठहराएमा, निजले यस्तो मतदानपत्र बाहेक अरू सबै मतदानपत्रहरू बदर गर्नु पर्छ ।

(३) कुनै मतदानपत्रलाई सदर वा बदर गर्ने रिटर्निङ अफिसरको निर्णयलाई निर्वाचन ट्राइबुनलले मात्र उल्टाउन सक्नेछ ।

७७. <u>दोहर्‍याई मत गन्ती गर्ने</u>:- (१) मत गन्ती गरिसकेपछि रिटर्निङ अफिसरले हरेक उम्मेदवारले पाएको मतदानपत्रको कूल संख्या फाराम नं. २६ मा चढाई उपस्थित सबैलाई पढी सुनाउपनुपर्दछ ।

(२) कुनै उम्मेदवार वा निजको निर्वाचन एजेण्टले गन्ती गरेको सबै वा कुनै मतदानपत्र फेरि दोहोर्‍याएर गन्ती गराई पाउँ भनी रिटर्निङ अफिसरलाई दरखास्त दिन सक्नेछ । सो दरखास्तमा दोहोर्‍याई मत गन्ती गर्नु पर्ने कारण खुलाई लेख्नुपर्दछ ।

(३) रिटर्निङ अफिसरले सो दरखास्त मञ्जूर गरी दोहोर्‍याई मत गन्ती गर्न सक्नेछ । सो दरखास्तमा लेखिएको कारण बेमनासिव लागेमा निजले दोहर्‍याई मत गन्ती गर्न इन्कार पनि गर्न सक्नेछ । यो उपनियम अनुसार रिटर्निङ अफिसरले निर्णय गर्दा, निजले कारण समेत खोली लिखित निर्णय दिनुपर्दछ ।

(४) दोहोर्‍याई मत गन्ती गर्दा, कुनै उम्मेदवारले पाएको मतदानपत्रको संख्यामा केही घटबढ गर्नु परेमा फाराम नं. २६ मा सोही बमोजिम संशोधन गरी उपस्थित सबैलाई पढी सुनाउनुपर्दछ ।

(५) उपनियम (१) अथवा उपनियम (४) अनुसार निर्वाचनको परिणाम सुनाइसकेपछि रिटर्निङ अफिसरले सो परिणाम तालिकामा सही गर्नु पर्दछ । रिटर्निङ अफिसरले परिणाम तालिकामा सही गरिसकेपछि फेरि दोहोर्‍याई मत गन्ती गर्न कुनै दर्खास्त पेश गर्न सकिने छन् ।

७८. मत गन्ती गर्ने काम लगातार जारी राख्नेः रिटर्निङ अफिसरले मत गन्ती गर्ने काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्दछ । कुनै कारणले, मत गन्ती गर्ने काम बीचैमा रोक्नु परेमा, रिटर्निङ अफिसरले मतदान पत्रहरू, पुलिन्दाहरू र निर्वाचन सम्बन्धी अरू कागजातहरू बन्द गरी त्यसमा आफ्नू र उम्मेवार वा निजको निर्वाचन एजेण्टले चाहे निजको समेत लाहाछाप लगाउनु पर्दछ र त्यसको हिफाजतको लागि आवश्यक प्रवन्ध गर्नु पर्दछ । अर्को दिन मुकरर गरी मत गन्ती गर्ने समयको सूचना सरोकारवाला उम्मेदवारहरूलाई दिई नियम ७५ को रित पुर्‍याई मत गन्ती गर्ने काम सिध्याउनु पर्दछ ।

७९. रिटर्निङ अफिसरले निर्वाचनको फाँट तैयार गरी निर्वाचनको परिणाम घोषणा गर्नेः- (१) नियम ७७ बमोजिम निर्वाचनको परिणाम अन्तिम रूपले तैयार भइसकेपछि, रिटर्निङ अफिसरले फाराम नं. २७ मा निर्वाचनको फाँट तयार गर्नु पर्दछ ।

(२) उपनियम (१) बमोजिम तयार भएको निर्वाचनको फाँट द्वारा नै रिटर्निङ अफिसरले सो निर्वाचन क्षेत्रबाट सबभन्दा बढता मत पाउने फलानो उम्मेदवार निर्वाचित भयो भनी घोषणा गर्नु पर्दछ ।

(३) रिटर्निङ अफिसरले निर्वाचनको परिणाम घोषणा गरेको निर्वाचनको फाँटको एकएक प्रति नक्कल सबै उम्मेवार वा निजको निर्वाचन एजेण्टलाई दिनु पर्दछ । एक प्रति निर्वाचन आयोगमा तुरून्तै पठाउनु पर्दछ । निर्वाचन आयोगले पनि निर्वाचित उम्मेदवारहरूको नाम नेपाल गजेटमा प्रकाशित गर्नु पर्दछ ।

८०. <u>मतदानपत्रको फाँट ठीक दुरुस्त छ छैन जाँच्ने</u>:- हरेक मतदान केन्द्रबाट प्रिजाइडिङ अफिसरले पठाएको मतदानपत्रको फाँट ठीक दुरुस्त छ छैन सो कुरा रिटर्निङ अफिसरले नियम ७९ (१) बमोजिम तयार गरिएको निर्वाचनको फाँट र अरू सम्बन्धित कागजहरू भिडाई जाँच्नु पर्दछ । कुनै कैफियत देखिन आएमा, निजले निर्वाचन आयोगमा रिपोर्ट गर्नु पर्दछ ।

८१. <u>एकजना उम्मेदवार एकभन्दा बढी निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा</u>:- (१) एकजना उम्मेदवार एकभन्दा बढी निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा निजले आफ्नू निर्वाचन क्षेत्रहरूको निर्वाचनको परिणाम घोषणा भएको आखिरी मितिले २१ दिनभित्र प्रतिनिधि सभाको एक स्थान बाहेक अरू सबै स्थानहरूबाट राजीनामा गरी निर्वाचन आयोगमा राजीनामापत्र पठाउनुपर्दछ ।

(२) निर्वाचन आयोगले सो राजीनामापत्र पाएपछि त्यसको १ प्रति प्रतिनिधि सभाको अध्यक्ष कहाँ पठाउनु पर्दछ ।

(३) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र एकभन्दा बढी निर्वाचन क्षेत्रहरूबाट निर्वाचित भएको उम्मेदवारले प्रतिनिधि सभाको एक स्थान बाहेक अरू सबै स्थानहरूबाट राजीनामा नगरेमा निजको सबै स्थानहरू खाली हुनेछ ।

८२. ब्यालेट बक्सहरू र निर्वाचन सम्बन्धी हिफाजतसाथ राख्नेः- (१) निर्वाचनमा प्रयोग भएको ब्यालेट बक्सहरू निर्वाचन आयोगको निर्देश बमोजिम सम्बन्धित अधिकारीहरूले हिफाजतसाथ राख्नेछन् ।

(२) निर्वाचनमा प्रयोग भएको कागजात राखेको खाम पुलिन्दाहरू रिटर्निङ अफिसरले आफ्नै जिम्मामा हिफाजतसाथ राख्नुपर्दछ ।

८३. निर्वाचन सम्बन्धी कागजात हेर्ने र त्यसको नक्कल लिनेः- रिटर्निङ अफिसरको जिम्मामा रहँदा सदर वा बदर गरिएको मतदानपत्रको बन्दी खाम, खर्च नभएको मतदानपत्रको बन्दी खाम, विशेष मतदानपत्र राखिएको बन्दीखाम र मतदाताले पाएको मतदानपत्रको नम्बर लेखिएको नामावली राखेको बन्दी खाम, अधिकार प्राप्त कुनै अदालत वा ट्राइबुनलको आदेश विना, खोल्न र सो भित्रको कागत कसैले हेर्न हुँदैन ।

(२) निर्वाचन सम्बन्धी अरू कागजपत्रहरू निर्वाचन आयोगले तोकेको दस्तुर तिरी सबैले हेर्न वा त्यसको नक्कल लिन पाउनेछ ।

(३) रिटर्निङ अफिसरले नियम ७९ (३) मुताविक निर्वाचन आयोगमा पठाएको फाराम नं. २७ बमोजिमको निर्वाचनको फाँटको नक्कल

जोसुकैले पनि एक रूपैयाँ दस्तूर तिरी निर्वाचन आयोगबाट लिन पाउनेछ ।

८४. <u>निर्वाचन सम्बन्धी कागजातहरू हिफाजत साथ राख्नु पर्ने अवधि</u>ः- (१) नियम ८२ (२) अनुसार रिटर्निङ अफिसर जिम्मा राखिएको बन्दी खामहरू १ वर्षसम्म हिफाजतसाथ राख्नुपर्छ । तर कुनै निर्वाचन क्षेत्रको निर्वाचन बारेमा निर्वाचन उजुरीपत्र पेश भएमा, ट्राइबुनलको फैसला वा आदेश लागू भएको मितिदेखि एक वर्षसम्म र ऐनका दफा ५९ अनुसार सर्वोच्च अदालतमा अपील परेमा सर्वोच्च अदालतको फैसला वा आदेश लागू भएको मितिदेखि एक वर्षसम्म सो निर्वाचन क्षेत्रको निर्वाचन सम्बन्धी बन्दीखामहरू हिफाजतसाथ राख्नुपर्दछ ।

(२) निर्वाचन सम्बन्धी अरू कागजपत्रहरू निर्वाचन आयोगले तोकेको अवधिसम्म हिफाजतसाथ राख्नु पर्दछ ।

## परिच्छेद ६

## निर्वाचन खर्च

८५. <u>निर्वाचन खर्चको फाँट पेश गर्ने</u>ः- हरेक उम्मेदवार वा निजको निर्वाचन एजेण्टले ऐनको दफा १५ अनुसार घोषणा प्रकाशित भएको मितिदेखि सो निर्वाचन क्षेत्रको निर्वाचनको परिणाम घोषणा भएको मितिसम्म निजको निर्वाचन सम्बन्धी कामको सिलसिलामा भएको सबै खर्चको हिसाब ठीक दुरूस्त

राख्नुपर्दछ र सो खर्चको फाँट, निर्वाचनको परिणाम घोषणा भएको मितिले ३० दिनभित्र फाराम नं. २८ भरी रिटर्निङ अफिसरकहाँ पेश गर्नु पर्दछ ।

८६. निर्वाचन खर्चको हदः- कुनै उम्मेदवारले कुनै निर्वाचन क्षेत्रमा आफ्नू निर्वाचन सम्बन्धी काममा नियम ८५ अनुसार तोकिएको अवधिभित्र पाँचहजार रूपैयाँ भन्दा बढता खर्च गर्नु हुँदैन ।

८७. निर्वाचन खर्चको फाँटको सूचना दिनेः- हरेक उम्मेदवारको निर्वाचन खर्चको फाँट दाखिल भएपछि रिटर्निङ अफिसरले २ दिनभित्र आफ्नो अड्डामा सर्वसाधारणले देख्ने ठाउँमा देहायको कुरा खोलि सूचना टाँस्न लगाउनुपर्छ ।

(क) निर्वाचन खर्चको फाँट दाखिल भएको मिति

(ख) उम्मेदवारको नाम

(ग) सो निर्वाचन खर्चको फाँट हेर्न पाउने समय र स्थान ।

८८. निर्वाचन खर्चको फाँट हेर्नेः- जो सुकैले पनि एक रूपैयाँ तिरी निर्वाचन खर्चको फाँट हेर्न पाउने छ । दुइ रूपैयाँ तिरी सो फाँटको रीत पूर्वकको नक्कल लिन पाउनेछ ।

८९. निर्वाचन खर्चको फाँट पेश नगर्ने व्यक्तिबारे निर्वाचन आयोगको निर्णयः- (१) नियम ८५ अनुसार निर्वाचन खर्चको फाँट पेश गर्ने म्याद सकिएपछि, सकेसम्म चाँडो रिटर्निङ अफिसरले हरेक उम्मेदवारको नाम, निजले निर्वाचन खर्चको फाँट म्यादभित्र रीतपूर्वक पेश गरे नगरेको बेहोरा र सो फाँट पेश भएको मिति समेत खोलि निर्वाचन आयोगमा रिपोर्ट पेश गर्नु पर्दछ र आफ्नू अड्डमा सर्वसाधारणले देख्ने ठाउँमा सो रिपोर्टको १ प्रति टाँस्न लगाउनुपर्दछ।

(२) उपनियम (१) अनुसार रिटर्निङ अफिसरको रिपोर्ट प्राप्त भएपछि निर्वाचन आयोगले कुन कुन उम्मेदवारले वा निजको निर्वाचन एजेण्टले निर्वाचन खर्चको फाँट यो नियमवाली बमोजिम तोकिएको रीत मुताबिक म्यादभित्र पेश नगरेको हो सो कुराको निर्णय गरी ऐनको दफा १३ (घ) बमोजिम अयोग्य हुने उम्मेदवारहरू वा निर्वाचन एजेण्टहरूको नाम नेपाल गजेटमा प्रकाशित गर्नुपर्दछ र यस्ता हरेक व्यक्तिलाई सूचना पठाउनु पर्दछ ।

(३) उपनियम (२) अनुसार अयोग्य हुने उम्मेदवार वा निर्वाचन एजेण्टले आफ्नू नाम नेपाल गजेटमा प्रकाशित भएको ३५ दिनभित्र निर्वाचन खर्चको फाँट म्यादभित्र रीतपूर्वक पेश गर्न नसकेको कारण खोलि ऐनको दफा १३ (घ) बमोजिमको अयोग्यता लागू नगरियोस् भनी निर्वाचन आयोगमा दरखास्त दिन पाउनेछ । सो दरखास्तको एक प्रति निर्वाचन खर्चको फाँट साथै सरोकारवाला रिटर्निङ अफिसर छेउ पनि पठाउनु पर्दछ ।

(४) रिटर्निङ अफिसरले उपनियम (३) अनुसार निर्वाचन खर्चको फाँट र दरखास्त बुझेको ५ दिनभित्र आफ्नू राय समेत लेखी सो निर्वाचन खर्चको फाँट र दरखास्त निर्वाचन आयोगमा पठाउनुपर्दछ ।

(५) उपनियमन (३) अनुसार दर्खास्त आएपछि निर्वाचन आयोगले उम्मेदवारले पेश गरेको दरखास्त, त्यसमा रिटर्निङ अफिसरले दिएको राय र यस सम्बन्धमा बुझ्नु पर्ने कुराहरू बुझी सो उम्मेदवार वा

निर्वाचन एजेण्टलाई लागेको अयोग्यता हटाउने किन नहटाउने भन्ने विषयमा निर्णय गर्नु पर्दछ । सो निर्णय नेपाल गजेटमा प्रकाशित गर्नु पर्दछ र सो उम्मेदवार वा निर्वाचन एजेण्टलाई पनि सूचना दिनु पर्छ ।

## परिच्छेद ७

## निर्वाचन आयोगमा उजुरीपत्र पेश गर्ने

९०. उजुरीपत्रः- (१) ऐन र यो नियमावली अनुसार पेश भएको उजरी पत्रद्वारामात्र कुनै निर्वाचनबारे उजुर लाग्नेछ ।

(२) नियम ७९ (२) अनुसार निर्वाचनको परिणाम घोषणा भइसकेपछि सो परिणाम घोषणा भएको मितिले ६० दिनभित्र उजुरीपत्र पेश गर्नु पर्दछ ।

९१. उजुरीको बेहोराः- उजुरवालाले उजुरीपत्रमा आफ्नू पक्षको भएभरको कुरा र सबूद प्रमाणहरूको छोटकरी विवरण लेखी कुन कुन मितिमा कहाँ कहाँ कसकसले के के भ्रष्टाचार वा गैर कानूनी व्यवहार गरेको हो त्यसको पुरा बयान लेखिएको फेहरिस्त साथै पेश गर्नु पर्दछ । यस्तो उजुरीपत्र र फेहरिस्तमा उजुरवाला आफैंले सहिछाप गर्नु पर्दछ ।

९२. उजुरीपत्र खारेज हुने अवस्थाः- ऐनको दफा ३१ दफा ३२ र नियम १०१ मा लेखिएको रीत नपुर्‍याई निर्वाचन आयोगमा पेश गरेको उजुरीपत्र उपर कुनै कारवाई हुनेछैन ।

तर उजुरी पत्र खारेज गर्नु भन्दा अगाडि निर्वाचन आयोगले उजुरवालालाई उजुरीपत्र उपर कारवाई गर्नु गराउन आफ्नो भएको कुराहरू पेश गर्न मौका दिनु पर्छ ।

९३. निर्वाचन सम्बन्धी मुद्दा एक ट्राइबुनलबाट खिची अर्को ट्राइबुनलमा पठाउने निर्वाचन आयोगको अधिकारः- (१) मनासिब कारण भएमा निर्वाचन आयोगले कुनै ट्राइबुनलमा कारवाई भई रहेको निर्वाचनसम्बन्धी मुद्दा सो ट्राइबुनलबाट अन्तिम निर्णय नहुँदै खिच्न सक्नेछ र अरू जाँचबुझको लागि ऐनको दफा ३४ बमोजिम गठन भएको अर्को कुनै ट्राइबुनलमा पठाउन सक्नेछ सो ट्राइबुनलले पहिलो ट्राइबुनलबाट मुद्दा खिचिंदा जाँचबुझ जुन अवस्थामा पुगेको थियो त्यसपछिको कारवाई गर्नु पर्दछ तर सो ट्राइबुनलले कुनै कुरा फेरि बुझ्नु पर्ने देखिमा, अघि एक पल्ट बयान दिईसकेको साछीलाई फेरि बयान गराउन सक्दछ ।

(२) निर्वाचन आयोगले उपनियम (१) बमोजिम कारवाई गर्नु पर्दा सो निर्वाचन सम्बन्धी मुद्दाको दुवै पक्षलाई सूचना दिनुपर्छ ।

## परिच्छेद ८

## उजुरिपत्र फिर्ता लिने वा त्यसमा कारवाई नगर्ने

९४. ट्राइबुनल गठन हुनु भन्दा अगाडि उजुरीपत्रहरू फिर्ता लिनेः- उजुरवालाले आफ्नो उजुरीपत्र फिर्ता लिन चाहेमा सो उजुरपत्र उपर कारवाही गर्ने

ट्राइबुनलमा गठन नहुँदै निर्वाचन आयोगमा दरखास्त दिई निर्वाचन आयोगको इजाजत लिएर मात्र फिर्ता लिन सक्नेछ ।

९५. <u>ट्राइबुनल गठन भएपछि उजुरीपत्र फिर्ता लिने</u>:- कुनै उजुरीपत्रको जाँचबुझ गर्न ट्राइबुनल गठन भई सकेपछि सो उजुरीपत्र फिर्ता लिनु परेमा ट्राइबुनलमा दरखास्त दिई ट्राइबुनलको इजाजत लिएरमात्र फिर्ता लिन सकिनेछ ।

(२) उजुरीपत्र फिर्ता लिन उपनियम (१) अनुसार दरखास्त परेमा ट्राइबुनलले दरखास्तको सुनुवाई हुने मिति तोकी सो उजुरी पत्रका सबै पक्षहरूलाई त्यसको सूचना दिनु पर्दछ र नेपाल गजेटमा पनि प्रकाशित गर्नु पर्दछ ।

९६. <u>उजुरी फिर्ता लिन निर्वाचन आयोग वा ट्राइबुनलमा दरखास्त पर्दा गर्नु पर्ने कारवाई</u>:- (१) एक भन्दा बढी उजुरवाला भएमा सबै उजुरवालाहरूको मंजुरिविना उजुरीपत्र फिर्ता लिन कुनै दरखास्त पेश गर्न सकिनेछैन ।

(२) निर्वाचन आयोग वा ट्राइबुनलको रायमा कुनै उजुरवालाले कुनै किसिमको अनुचित लाभको लागि उजुरीपत्र फिर्ता लिन दरखास्त दिएको रहेछ भन्ने लागेमा सो उजुरीपत्र फिर्ता लिने इजाजत दिन हुँदैन।

(३) उजुरीपत्र फिर्ता लिने इजाजत दिएमा:-

(क) दरखास्त ट्राइबुनलमा दिएको भए, ट्राइबुनलले मनासीव ठहराएजति विपक्षीहरूलाई हुन गएको खर्च वा त्यसको केही

अंश निजहरूलाई दिन ट्राइबुनलले उजुरवालालाई आदेश दिनुपर्दछ ।

(ख) उजुरीपत्र फिर्ता गरेको सूचना निर्वाचन आयोग वा ट्राइबुनलले नेपाल गजेटमा प्रकाशित गराउनुपर्दछ ।

(ग) उजुरवाला हुन सक्ने कुनै व्यक्तिले उपनियम ३ (ख) मा लेखिएको सूचना प्रकाशित भएको २१ दिन भित्र उजुरीपत्र फिर्ता लिने पक्षको ठाउँमा आफू उजुरवाला बन्न पाउँ भनी दरखास्त दिन पाउँछन् र नियम १०२ अनुसार धरौट राखेपछि उजुरीपत्र फिर्ता लिने पक्षको ठाउँमा आफै उजुरवाला हुन पाउछन् र ट्राइबुनलले मनासीब ठहराएबमोजिम जाँचबुझको कारवाई जारी गराउन पाउनेछन् ।

९७. <u>उजुरीपत्र फिर्ता लिन इजाजत दिएकोमा रिपोर्ट गर्नेः</u>- ट्राइबुनलले कुनै उजुरीपत्र फिर्ता लिन इजाजत दिएमा र नियम ९६ (३) को खण्ड (ग) अनुसार केही कारवाई नभएमा ट्राइबुनलले सो कुराको रिपोर्ट निर्वाचन आयोगलाई दिनुपर्दछ र निर्वाचन आयोगले सो कुरा नेपाल गजेटमा प्रकाशित गर्नु पर्दछ ।

९८. <u>उजुरवाला परलिक भएमा उजुरीपत्र खारेज गर्नेः</u>- (१) उजुरवाला परलोक भएमा निजको उजुरीपत्र खारेज गर्नुपर्दछ ।

(२) कुन उजुरी पत्रको जाँचबुझ गर्न कुनै ट्राइबुनल नियुक्त गर्नु अगावै उपनियम (१) अनुसार सो उजुरीपत्र् खारेज भएमा, निर्वाचन आयोगले सो कुराको सूचना नेपाल गजेटमा प्रकाशित गर्नुपर्दछ ।

(३) कुन उजुरीपत्रको जाँच बुझ गर्न कुनै ट्राइबुनल गठन भइसकेपछि उपनियम (१) अनुसार सो उजुरीपत्र खारेज भएमा सो ट्राइबुनलले सो कुराको सूचना नेपाल गजेटमा प्रकाशित गराउनु पर्दछ ।

९९. <u>उजुरवाला परलोक भएमा निजको सट्टा अर्को व्यक्ति उजुरवाला हुनपाउने</u>:- नियम ९८ को उपनियम (२) वा (३) अनुसार कुनै उजुरीपत्र खारेज भएको सूचना प्रकाशित भएको २१ दिन भित्र उजुरवाला हुन पाउने कुनै व्यक्तिले आफू उजुरवाला हुन पाउँ भनी निर्वाचन आयोग अथवा सरोकारवाला ट्राइबुनलमा दरखास्त दिन पाउछन् र नियम १०१ अनुसार धरौट राखेपछि निज उजुरवाला हुन पाउछन् र ट्राइबुनलले मुनासीब ठहराएबमोजिम जाँचबुझको कारवाई जारी गराउन पाउनेछन् ।

१००. <u>उजुरवालाको विपक्षी परलोक भएमा उजुरीपत्र खारेज गर्ने वा निजको सट्टा अर्को विपक्षी सामेल गर्ने</u>:- कुनै उजुरीपत्रको जाँचबुझ समाप्त हुनभन्दा अगाडि उजुरवालाको विपक्षी परलोक भई वा निजले सो उजुरीपत्रको विरोध नगर्ने सूचना दिई सो उजुरीपत्रको विरोध गर्ने अरू कुनै विपक्षी बाँकी नरहेमा ट्राइबुनलले भएको बेहोराको सूचना नेपाल गजेटमा प्रकाशित गराउनु पर्दछ । सो सूचना प्रकाशित भएको २१ दिन भित्र उजुरवाला हुन पाउने कुन व्यक्तिले सो उजुरीपत्रको विरोध गर्न त्यस्ता विपक्षीको सट्टा निज आफू विपक्षी हुन पाउँ

भनी सरोकारवाला ट्राइबुनलमा दरखास्त दिन पाउनेछन् र सो ट्राइबुनलले आवश्यक ठहराएबमोजिम जाँचबुझको कारवाई जारी गराउन पाउनेछ ।

## परिच्छेद ९

## जांचबुझको खर्चको निम्ति धरौट राख्ने

१०१. उजुरवालाले धरौट राख्नेः- हरक उजुरवालाले उजुरीपत्र पेश गर्दा नेपाल राष्ट्र बैंक, माल वा अन्य कुनै सरकारी कोषमा पाँचसय रूपैयाँ धरौट दाखिल गरी त्यसको रसिद उजुरीपत्रसाथ पेश गर्नु पर्दछ ।

१०२. उजुरवालाले थप धरौट राख्नेः- कुनै उजुरीपत्रको जाँचबुझ जारी रहेको बेला, नियम १०१ अनुसार उजुरवालाले राखेको धरौट जाँचबुझको खर्च तिर्न नपुग्ने देखिएमा, ट्राइबुनलले उजुरवालालाई आवश्यक थप धरौट राख्न लिखत आर्डर गर्न सक्नेछ । थप धरौट मागिएको ११ दिनभित्र उजुरवालाले सो धरौट बुझाउन पर्दछ । सो बुझाउन नसकेमा ट्राइबुनलले निजको उजुरीपत्र खारेज गर्न सक्नेछ ।

१०३. उजुरवालाको विपक्षीले धरौट राख्नेः- ऐनको दफा ३५ (१) बमोजिम प्रतिवादीको रूपमा खडा हुन पाउने कुनै व्यक्तिले ट्राइबुनलले तोकेबमोजिमको धरौट दाखिल गर्नुपर्छ ।

१०४. अपील गर्दा धरौट राख्नेः- ऐनको दफा ५० (१) अनुसार ट्राइबुनलको फैसला उपर सर्वोच्च अदालतमा अपील गर्ने चाहनेले नेपाल राष्ट्र बैंक, माल वा अन्य

सरकारी कोषमा पाँचसय रूपैयाँ धरौट बुझाई त्यसको रसिद अपीलपत्रसाथ पेश गर्नु पर्दछ ।

१०५. <u>धरौट बुझ्ने</u>:- नियम १०१, १०२, १०३ र १०४ अनुसार नेपाल राष्ट्र बैंक, माल वा अन्य सरकारी कोषमा धरौट बुझाउन ल्याएमा सो अड्डाहरूले बुझी आफ्नो स्रेस्तामा धरौट आम्दानी बाँधी रसिद दिनुपर्दछ ।

१०६. <u>धरौट मध्येबाट जाँच बुझको खर्च भराउने र बाँकी धरौट फिर्ता गर्ने</u>:- (१) ऐनको दफा ४६ (१) को देहायको (ख) अनुसार ट्राइबुनलले निकालेको कुन आदेश बमोजिम तिर्नु पर्नेले तिरी नसकेको भए, पाउनु पर्नेले सो आदेश प्रकाशित भएको ६ महीनाभित्र निर्वाचन आयोगमा सो भराई पाउँ भनी दरखास्त दिएमा, निर्वाचन आयोगले यो नियमावली अनुसार राखिएको धरौट र थप मध्येबाट जति पुग्छ त्यति निजलाई दिलाई दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम भराइसकेपछि सो धरौटको रूपैयाँ बाँकी भएमा, धरौट राख्नेले वा निज परलोक भएमा निजको हकवालाले निर्वाचन आयोगमा सो धरौटको बाँकी रूपैयाँ फिर्ता पाउँ भनी दर्खास्त दिएमा, निर्वाचन आयोगले फिर्ता दिलाई दिनुपर्दछ ।

१०७. <u>जाँचबुझको खर्च सम्बन्धी ट्राइबुनलको आदेश तामेल गराउने</u>:- जाँचबुझको खर्च बारे ट्राइबुनलले निकालेको आदेश तामेल गराउन तिर्नु पर्ने मानिसको घरवास वा व्यवसाय भएको इलाकाको अमीनी, अदालतमा पेश गर्नु पर्दछ र सो अमिनी, अदालतले पनि त्यस आदेशलाई आफ्नै आदेश वा डिग्री मानी सो आदेश तामेल गर्नु गराउनु पर्दछ ।

तर सो खर्च वा त्यसको कुनै अंश नियम १०६ (१) अनुसार दरखास्त दिई भराउन सकिने भए, ऐनको दफा ५२ अनुसार ट्राइबुनलको आदेश प्रकाशित भएको मितिले ६ महीना ननाघी, यो नियम अनुसार ट्राइबुनलको आदेश तामेल गर्न गराउन कुनै पनि दरखास्त लिइने छैन । तर नियम १०६ को उपनियम (१) अनुसार दरखास्त दिंदा धरौटको रूपैयाँ मध्येबाट सबै खर्चउपर नभएको भए बाँकी रूपैयाँ उपर गर्न ६ महीनाभित्र पनि यो नियम मुताविक दरखास्त दिनुहुन्छ ।

## परिच्छेद १०

## विविध

१०८. धरौट फिर्ता वा जफत गर्नः- (१) नियम २६ मा लेखिएबमोजिम धरौट बुझाएको कुनै उम्मेदवारले नियम ३० बमोजिम उम्मेदवारबाट आफ्नो नाम फिर्ता लिएमा वा निजको नोमिनेशनपत्र बदर गरिएमा सरोकारवाला रिटर्निङ अफिसरले निजको तर्फबाट राखेको धरौट सो बुझाउने मानिसलाई फिर्ता दिलाईदिनुपर्दछ । कुनै उम्मेदवार मत लिने काम शुरू गर्नु भन्दा अगावै परलोक भएमा निजको धरौट निजले आफैं बुझाएको भए निजको हकदारलाई र अरू कसैले बुझाएको भए जसले बुझाएको हो उसैलाई फिर्ता दिनुपर्दछ ।

(२) कुनै उम्मेदवार निर्वाचित नभएमा र निजले पाएको संख्या सो निर्वाचनक्षेत्रमा जम्मा परेको मतको ६ खण्डको १ खण्ड भन्दा कम भएमा नियम २६ अनुसार निजले बुझाएको धरौट जफत हुनेछ ।

रिटर्निङ अफिसरले जफत गरिएको सो धरौट नेपाल राष्ट्र बैंक वा इलाका मालमा दाखिल गरी सरकारको आमदानी बाँध्न लगाउनु पर्दछ।

(३) उपनियम (२) मा उल्लेख भएको "जम्मा परेको मत" भन्नाले बदर गरिएको मतदानपत्र बाहेक उम्मेदवारहरूको पक्षमा परेको अरू सबै मतदानपत्र मानिने छ ।

(४) कुनै उम्मेदवारले वा निजको नाउँमा नियम २६ अनुसार बुझाएको धरौट उपनियम (२) बमोजिम जफत नभएमा सो निर्वाचनक्षेत्रको निर्वाचनको नतिजा नेपाल गजेटमा प्रकाशित भएपछि सो उम्मेदवार वा निजको नाउँमा बुझाउने व्यक्तिले सो धरौट फिर्ता पाउनेछ ।

१०९. <u>विरोधपत्रमा टिकट टाँस्नु पर्ने र नोमिनेशन पत्रमा दस्तुर दाखिल गर्नु पर्ने</u>ः-

(१) नियम १० बमोजिम विरोधपत्र पेश गर्दा सो विरोधपत्रमा ने.रू. १।— को टिकट टाँस्नु पर्दछ ।

(२) नियम २४ बमोजिम नोमिनेशनपत्र पेश गर्न नोमिनेशनपत्रको फाराम प्राप्त गर्नु परेमा रिटर्निङ अफिसर कहाँ रू. एक दाखिल गरी खरिद गर्नु पर्दछ ।

# फाराम नं. १

## मतदाताहरूको नामावलीको पहिलो प्रकाशन भएको सूचना

.............................. जिल्ला ....................... निर्वाचन क्षेत्र ................... प्रगन्ना, थुम, दरा, गर्खा ........................... गाउँ, टोलको मतदाताहरूको नामावली सर्वसाधरणको सूचनाको लागि ...................... ठाउँहरूमा प्रकाशित गरिएको छ । यस नामावलीमा कसैको कुनै किसिमको दावी वा विरोध भए त्यस्तो व्यक्तिले जन-प्रतिनिधित्व नियमावली, २०१५ बमोजिम (फलाना) नामावली दोहोर्‍याउने अफिसर छेउ .................... मिति भित्र दावी पत्र वा विरोधपत्र पेश गर्न सक्नेछन् ।

ठेगाना ........................ सही .........................

मिति .............................. नामावली रजिष्ट्रेशन अफिसर

## फाराम नं. २

भाग १- मतदाताको नामावलीमा नाउँ दर्ता गराई माग्ने दावीपत्र

दरखास्तवालाले भर्नु पर्ने

१. निर्वाचन क्षेत्र ..........

२. जिल्ला ..................

प्रगन्ना गाउँ

३. थुम, दरा, गर्खा ........... टोल ............ घर नं

४. दरखास्तवालाको नाउँ ..................

५. दरखास्तवालाको बाबु वा पतिको नाउँ ..........

६. दरखास्तवालाको दावीको बेहोरा ............

(क) म नेपालको नागरिक हुँ

(ख) मेरो उमेर २०१५ साल वैशाख १ गते वर्ष पुगेको थियो ।

(ग) जनप्रतिनिधित्व ऐन, २०१५ बमोजिम म आगामी आम निर्वाचनमा मत दिन

अड्डाले भर्नु पर्ने

दावीपत्र नं. ............

दाखिला मिति ...........

सुनुवाई इत्यादि हुने मिति

नामावली दोहर्‍याउने अफिसर वा नामावली रजिष्ट्रेशन अफिसरको निर्णय ।

नपाउने । अरू कुनै अयोग्यता म उपर लागू भएको छैन ।

(घ) मेरो नाउँ कुनै अर्को नामावलीमा दर्ता भएको छैन र दर्ता गराउन दरखास्त पनि दिएको छैन ।

(ङ) मैले माथि साँचो बेहोरा लेखेको छु झुट्टा ठहरे नेपाल कानून बमोजिम सहनेछु बुझाउनेछु ।

त्यसकारण, यो निर्वाचन क्षेत्रको नामावलीमा मेरो नाउँ दर्ता गराई पाऊँ।

दरखास्तवालाको सहिछाप ..................

ठेगाना -

यो दावीपत्र मेरो तर्फबाट पेश गर्नलाई आफ्नो वारेस मुकरर गरेको छु ।

दरखास्तवालाको सहिछाप

वारेसको सहिछाप

वारेसको ठेगाना

## भाग २ सूचना

(दरखास्तवालाले भर्नु पर्ने)

दावी गर्ने व्यक्तिको नाउँ

दावी गर्ने व्यक्तिको बाबु वा पतिको नाउँ

दावी गर्ने व्यक्तिको पूरा ठेगाना

---

(नामावली दोहर्‍याउने अड्डाले भर्ने)

तपाईले ………………… निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा आफ्नो नाउँ दर्ता गराउन दिनुभएको दावीपत्र नं. ………… बारे ……….. ठाउँमा ………………… साल महीना ………. गते ………… बजे सुनवाई हुनेछ । आफ्नू भएको सबुद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला ।

ठेगाना —

मिति —

सहिछाप —

नामावली दोहर्‍याउने अफिसर

## फाराम नं. ३

## भाग १-मतदाताको नामावलीबाट नाँउ वा दर्ता भएको कुनै बेहोरा कटाई वा सच्याई माग्ने विरोधपत्र

| दरखास्तवालाले भर्नुपर्ने | नामावली दोहर्‍याउने अड्डाले भर्नुपर्ने |
|---|---|
| (१) निर्वाचन क्षेत्र ..................... | विरोधपत्र नं. |
| (२) जिल्ला ..................... | दाखिला मिति ....................... |
| (३) विरोध गरिएको व्यक्तिको नाउँ ........ | मिति |
| (४) विरोध गरिएको व्यक्तिको ठेगाना | सुनवाई इत्यादि हुने |
| प्रगन्ना ............... गाउँ घर नं. .......... | नामावली दोहर्‍याउने अफिसरको निर्णय |
| थुम, दरा, गर्खा, टोल | |
| (५) विरोध गरिएको व्यक्तिको नामावलीको क्रमसंख्या | |
| (६) विरोध गरिएको व्यक्तिको बाबु वा पतिको नाम | |
| (७) विरोध गरिएको व्यक्तिको उमेर | |
| (८) दरखास्तवालाको नाउँ | |

(९) दरखास्तवालाको बाबु वा पतिको नाउँ

(१०) दरखास्तवालाको नामावलीको क्रमसंख्या

(११) विरोध गर्नाको कारणः-

(क) ..............

(ख) .............

(ग) .............

(घ) .............

मैले माथि साँचो बेहोरा लेखेको छु र झुट्टा ठहरे नेपाल कानून बमोजिम सहने छु, बुझाउने छु ।

त्यसकारण नामावलीबाट विरोध गरिएको व्यक्तिको नाउँ वा दर्ता भएको .............. बेहोरा कटाई वा सच्याई पाउँ ।

दरखास्तवालाको सहिछाप

ठेगाना

यो विरोधपत्र मेरो तर्फबाट पेश गर्नलाई आफ्नो वारेस मुकरर गरेको छु ।

मिति

सहि .............................

नामावली दोहर्‍याउने अफिसर

दरखास्तवालाको सहिछाप ...................

वारेसको सहिछाप ......................

वारेसको ठेगाना .....................

## भाग २-विरोध गर्ने व्यक्तिलाई दिने सूचना

(दरखास्तवालाले भर्नुपर्ने)

विरोध गर्ने व्यक्तिको नाउँ .....................

विरोध गर्ने व्यक्तिको बाबु वा पतिको नाउँ ..............................

विरोध गर्ने व्यक्तिको पूरा ठेगाना .............................

(नामावली दोहऱ्याउने अड्डाले भर्नुपर्ने)

तपाईले .................... निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा दर्ता भएको ...................... को नाउँ वा ........................... को ................ बेहोरा बारे विरोध गरी दिनुभएको विरोधपत्र नं. ............ बारे ........... ठाउँमा .................... साल महीना गते बजे सुनवाई हुनेछ । आफ्नू भएको सबुद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला ।

ठेगाना — सही —

मिति — नामावली दोहर्‍याउने अफिसर

नक्कल

## भाग २-विरोध गर्ने व्यक्तिलाई दिने सूचना

(दरखास्तवालाले भर्नुपर्ने)

विरोध गर्ने व्यक्तिको नाउँ ....................

विरोध गर्ने व्यक्तिको बाबु वा पतिको नाउँ ..............................

विरोध गर्ने व्यक्तिको ठेगाना ............................

---

तपाईले .................... निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा दर्ता भएको ...................... को नाउँ वा .......................... को ................ बेहोरा बारे विरोध गरी दिनुभएको विरोध पत्र नं. ............ बारे ........... ठाउँमा .................... साल महीना गते ......... बजे सुनवाई हुनेछ । आफ्नू भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला ।

ठेगाना — सहि —

मिति — नामावली दोहर्‍याउने अफिसर

सूचना बुझिलिनेको सहीछाप ..................... मिति ......................

## भाग ३ विरोध गरिएको व्यक्तिलाई दिने सूचना

(दरखास्तवालाले भर्नुपर्ने)

विरोध गरिएको व्यक्तिको नाउँ ....................

विरोध गरिएको व्यक्तिको बाबु वा पतिको नाउँ .............................

विरोध गरिएको व्यक्तिको ठेगाना ............................

---

(नामावली दोहऱ्याउने अड्डाले भर्नुपर्ने)

.................... निर्वाचन क्षेत्रको ............. को मतदाताको नामावलीमा दर्ता भएको तपाईको नाउँ वा तपाईको .................... बेहोरा बारे ......... बस्ने .........को छोरा पत्नी ........................ ले विरोध गरी दिनुभएको विरोधपत्र नं. ............ बारे ........... ठाउँमा ................ साल ......... महीना ......... गते ......... बजे सुनवाई हुनेछ । आफ्नू भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला ।

ठेगाना —

मिति —

सहि —

नामावली दोहर्‍याउने अफिसर

---

## भाग ३-विरोध गरिएको व्यक्तिलाई दिने सूचना

(दरखास्तवालाले भर्नुपर्ने)

विरोध गरिएको व्यक्तिको नाउँ ......................

विरोध गरिएको व्यक्तिको बाबु वा पतिको नाउँ ...............................

विरोध गरिएको व्यक्तिको ठेगाना ..............................

---

(नामावली दोहऱ्याउने अड्डाले भर्नुपर्ने)

..................... निर्वाचन क्षेत्रको .............. को मतदाताको नामावलीमा दर्ता भएको तपाईको नाउँ वा तपाईको .................... बेहोरा बारे .......... बस्ने .........को छोरा पत्नी ......................... ले विरोध गरिदिनुभएको विरोधपत्र नं. ............ बारे ............ ठाउँमा ................. साल .......... महीना .......... गते .......... बजे सुनवाई हुनेछ । आफ्नू भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला ।

ठेगाना —

मिति —

सहि —

नामावली दोहऱ्याउने अफिसर

मिति ..................

सूचना बुझिलिनेको सहीछाप

# फाराम नं. ४

## मतदाताहरूको नामावलीको अन्तिम प्रकाशन भएको सूचना

................जिल्ला.....................निर्वाचन क्षेत्र...................प्रतन्ना, थु,, दरा, गर्खा, .....................गाउँ, टोलको मतदाताहरूको नामावली नेपाल जनप्रतिनिधित्व नियमावली २०१५ अनुसार संशोधन गरी अन्तिम तवरले तयार भएको हुनाले सर्वसाधारणको सूचनाको लागि सो नामावलीको अन्तिम प्रकाशन.......................ठाउँहरूमा गरिएको छ ।

ठेगाना.........................          सही.........................

मिति..........................          नामावली रजिष्ट्रेसन अफिसर.....

# फाराम नं ५ (नियम २३)

## निर्वाचनको साधारण सूचना

प्रतिनिधि सभाको निमित्त ................ निर्वाचन क्षेत्रबाट एक जना सदस्यको निर्वाचन गर्नु पर्ने भएकोले सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो निर्वाचन देहायमा लेखिएबमोजिमको कार्यक्रम अनुसार सम्पन्न गरिनेछ ।

(१) नोमिनेशनपत्रको फाराम रिटर्निङ अफिसरको अड्डाबाट ........... मिति देखि मितिसम्म बजेदेखि बजेभित्र लिन पाइनेछ ।

(२) उम्मेदवार वा निजको अधिकार प्राप्त वारेसले नोमिनेशनपत्र मिति अगावै, दिउँसो ११ बजेदेखि ४ बजेसम्ममा रिटर्निङ अफिसर वा असिस्टेन्ट रिटर्निङ अफिसर कहाँ पेश गर्नु पर्दछ ।

(३) नोमिनेशनपत्रहरूको जाँचबुझ ठाउँमा गते समयमा हुनेछ ।

(४) उम्मेदवारबाट नाम फिर्ता लिने सूचना, उम्मेदवार वा निजको निर्वाचन एजेण्ट मिति अगावै, दिउँसो ११ बजेदेखि ४ बजेसम्ममा रिटर्निङ अफिसरकहाँ पेश गर्नु पर्दछ ।

(५) मतदानको काम मितिहरूमा बजेदेखि बजेसम्म हुनेछ ।

ठेगाना सही

मिति रिटर्निङ अफिसर

निर्वाचन क्षेत्र

## फाराम नं. ६ (नियम २४ (१) )

## भाग १ नोमिनेशनपत्र (उम्मेदवारले भर्नु पर्ने)

१. निर्वाचन क्षेत्र

२. उम्मेदवारको नाउँ

३. उम्मेदवारको मतदाताको मानावलीको क्रमसंख्या

४. उम्मेदवारको बाबु वा पतिको नाउँ

५. उम्मेदवारको पूरा ठेगाना

म निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभाको सदस्य निर्वाचित हुन उम्मेदवार हुन चाहन्छु । मेरो उमेर २०१५ साल वैशाख १ गते वर्ष पुगेको थियो । मैले निम्नलिखित निर्वाचन चिन्हहरू लेखिएको क्रमअनुसार रोजेको छु ।

(क)

(ख)

(ग)

मिति उम्मेदवारको सही

यो नोमिनेशन पत्र मेरो तर्फबाट पेश गर्न लाई आफ्नो वारेस मुकरर गरेको छु ।

उम्मेदवारको सही

वारेसको सही

वारेसको ठेगाना

## (रिटर्निङ अफिसरले भर्नु पर्ने)

नोमिनेशनपत्रको क्रमसंख्या

यो नोमिनेशनपत्र उम्मेदवार वा निजको अधिकार प्राप्त वारेसले मेरो अड्डामा म कहाँ ..............गते बजे पेश गर्नु भएको थियो ।

सही

रिटर्निङ अफिसर

## रिटर्निङ अफिसरको निर्णय

मैले जनप्रतिनिधित्व ऐन, २०१५ र सो ऐन अन्तर्गत बनेको जनप्रतिनिधित्व नियमावली २०१५ बमोजिम यो नोमिनेशनपत्रको जाँच गरी, देहायबमोजिम निर्णय गरेको छु ।

मिति

सही

रिटर्निङ अफिसर

## भाग २-नोमिनेशनपत्र दाखिल भएको भरपाई र नोमिनेशनपत्रको जाँच हुने मिति समय र स्थानको सूचना

(नोमिनेशनपत्र पेश गर्ने व्यक्तिलाई दिनुपर्ने)

नोमिनेशनपत्रको क्रमसंख्या

प्रतिनिधि सभाको                    निर्वाचन क्षेत्रबाट निर्वाचित हुनको लागि उम्मेदवारको नोमिनेशनपत्र मेरो अड्डामा म कहाँ        गते              बजे दाखिल भयो । यो निर्वाचन क्षेत्रको सबै उम्मेदवारहरूको नोमिनेशनपत्रहरूको जाँचबुझ          ठाउँमा                    गते              समयमा हुनेछ ।

मिति

सही

रिटर्निङ अफिसर

## फाराम नं. ७ (नियम २४ (३) )

मतदाताको नामावलीमा नाम दर्ता भएको प्रमाणपत्र

म प्रमाणित गर्दछु कि बस्ने को नाउँ निर्वाचनक्षेत्र को मतदाताको नामावलीमा दर्ता भएको छ ।

| निर्वाचनक्षेत्रको नाम | जिल्ला, प्रगन्ना थुम, दरा, गर्खा | गाउँ | घर संख्या | मतदाताको नामावलीको क्रमसंख्या | मतदाताको नाम | मतदाताको पिता वा पतिको नाम | उमेर | जनाना कि मर्दाना |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

ठेगाना<br>मिति

सही<br>नामावली रजिष्ट्रेशन अफिसर<br>निर्वाचन क्षेत्र

## फाराम नं. ८ (नियम २८ (२) )

## नोमिनेशनपत्र पेश भएको सूचना

निर्वाचनक्षेत्र

आज दिउँसो ४ बजेसम्म निम्नलिखित नोमिनेशनपत्रहरू पेश हुन आएको हुनाले यो सूचना प्रकाशित गरिएकोछ ।

| सि.नं. | नोमिनेशपत्रको क्रमसंख्या | उम्मेदवारको नाउँ | उम्मेदवारको बाबु वा पतिको नाउँ | उम्मेदवारको उमेर | उम्मेदवारको ठेगाना | उम्मेदवारको मतदाताको नामवालीको क्रमसंख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मिति

सही

रिटर्निङ अफिसर

## फाराम नं. ९ (नियम २९ (४) )

## मनोनीत भएका उम्मेदवारहरूको फेहरिस्त

प्रतिनिधिसभाको निर्वाचन क्षेत्रको निर्वाचनको लागि मनोनीत भएका उम्मेदवारहरूको नाउँ र विवरण प्रकाशित गरिएको छ ।

| सिलसिलेवार नम्बर | उम्मेदवारको नाउँ | उम्मेदवारको बाबु वा पतिको नाउँ | उम्मेदवारको ठेगाना |
|---|---|---|---|
| | | | |

ठेगाना सही

मिति रिटर्निङ अफिसर

## फाराम नं. १० (नियम ३० (१) )
## उम्मेदवारहरूबाट नाम फिर्ता लिने सूचना

श्रीमान् रिटर्निङ अफिसर
निर्वाचनक्षेत्र

महोदय,

निर्वाचन क्षेत्रको निर्वाचनको लागि म उम्मेदवार मनोनीत भएको थिए तर अब यो सूचनाद्वारा उम्मेदवारबाट आफ्नू नाम फिर्ता लिएकोछु ।

ठेगाना उम्मेदवारको सही

मिति

यो सूचना, उम्मेदवार वा निजको निर्वाचन एजेण्टले मेरो अड्डामा म कहाँ गते बजे पेश गर्नु भएको थियो ।

---

## सूचना दाखिल भएको रसीद
## (सूचना दाखिल गर्ने व्यक्तिलाई दिने)

प्रतिनिधिसभाको निर्वाचनक्षेत्रको उम्मेदवारबाट ले आफ्नू नाउँ फिर्ता लिएको सूचना म कहाँ गते बजे दाखिल भयो ।

मिति सही

रिटर्निङ अफिसर

## फाराम नं. ११ (नियम ३० (३) )
## उम्मेदवारबाट नाम फिर्ता लिने व्यक्तिहरूको फेहरिस्त

प्रतिनिधिसभाको निर्वाचन क्षेत्रको उम्मेदवारबाट तोकिएको म्यादभित्र नाउँ फिर्ता लिएका व्यक्तिहरूको नाम प्रकाशित गरिएको छ ।

| सिलसिलेवार नम्बर | उम्मेदवारको नाउँ | उम्मेदवारको बाबु वा पतिको नाउँ | उम्मेदवारको ठेगाना |
|---|---|---|---|
| | | | |
| मिति | | | सही<br>रिटर्निङ अफिसर |

## फाराम नं. १२ (नियम ३१ (१) )

निर्वाचनमा खडा भएका उम्मेदवारहरूको नाउँको फेहरिस्त

प्रतिनिधिसभाको निर्वाचन क्षेत्रबाट निर्वाचनमा खडा भएका उम्मेदवारहरूको नाउँ र विवरण प्रकाशित गरिएको छ ।

| सिलसिलेवार नं. | उम्मेदवारको नाउँ | उम्मेदवारको ठेगाना | उम्मेदवारको निर्वाचन चिन्ह |
|---|---|---|---|
| | | | |

मतदानको काम मितिहरूमा बजेदेखि बजेसम्म हुनेछ ।

ठेगाना

मिति

सही

रिटर्निङ अफिसर

निर्वाचन क्षेत्र

# फाराम नं. १३ (नियम ३३)

## निर्वाचन एजेण्टको नियुक्ति

श्रीमान् रिटर्निङ अफिसर
निर्वाचन क्षेत्र

महोदय,

निर्वाचन क्षेत्रको निर्वाचनको लागि मैले आजको मितिदेखि बस्ने लाई आफनो निर्वाचन एजेण्ट नियुक्त गरेको छु ।

ठेगाना                                        उम्मेदवारको सही
मिति                                          निर्वाचन क्षेत्र

श्री                                          को निर्वाचन एजेण्ट भई काम गर्ने मेरो मञ्जुरी छ ।
मिति                                          निर्वाचन एजेण्टको सही

# फाराम नं. १४ नियम ३५ (१)

निर्वाचन एजेण्टको खारेज

श्रीमान रिटर्निङ अफिसर

निर्वाचनक्षेत्र

महोदय,

मैले मेरो निर्वाचन एजेण्ट

खारेज गरी यो सूचना दिएको छु ।

ठेगाना उम्मेदवारको सही

मिति

---

# फाराम नं. १५ नियम ३६ (२)

पोलिङ एजेण्टको नियुक्ति

श्रीमान् प्रिजाइडिङ् अफिसर

मतदान केन्द्र मतलिने स्थान

निर्वाचन क्षेत्र

महोदय,

निर्वाचनक्षेत्रको निर्वाचनको लागि

मतलिने स्थानमा मेरो (उम्मेदवार) को पोलिङ् एजेण्ट भएका म गर्न बस्ने लाई नियुक्त गरेको छु ।

ठेगाना सही

मिति उम्मेदवार वा (उम्मेदवार) को निर्वाचन एजेण्ट

श्री को पोलिङ् एजेण्ट भई काम गर्नु मेरो मञ्जुरी छ ।

मिति पोलिङ् एजेण्टको सही

## फाराम नं. १६ (नियम ३७)

मत गन्ती गर्न एजेण्टको नियुक्ति

श्रीमान रिटर्निङ अफिसर

निर्वाचनक्षेत्र

महोदय,

निर्वाचनक्षेत्रको मत गन्ती गर्ने काममा मेरो (उम्मेदवार) को मत गन्ती गर्ने एजेण्ट भई काम गर्न बस्ने लाई नियुक्त गरेको छु ।

ठेगाना — सही

मिति — उम्मेदवार वा (उम्मेदवार) को निर्वाचन एजेण्ट

श्री को मत गन्ती गर्न एजेण्ट भई काम गर्न मेरो मञ्जुरी छ ।

मिति — मत गन्ती गर्ने एजेण्टको सही

# फाराम नं. १७ नियम ३८ (१)

पोलिङ एजेण्टको खारेजी

श्रीमान् प्रिजाइडिङ् अफिसर

मतदान केन्द्र                                        मतलिने स्थान

निर्वाचन क्षेत्र

महोदय,

मैले मेरो                        (उम्मेदवार) को पोलिङ् एजेण्ट

लाई खारेज गरी यो सूचना दिएको छु ।

मिति                                        सही

उम्मेदवार वा

(उम्मेदवार) को निर्वाचन एजेण्ट

# फाराम नं. १८ नियम ३९ (१)

मत गन्ती गर्न एजेण्टको नियुक्ति

श्रीमान रिटर्निङ अफिसर

निर्वाचनक्षेत्र

महोदय,

मैले मेरो (उम्मेदवार) को मत गन्ती गर्ने एजेण्ट लाई खारेज गरी यो सूचना दिएको छु ।

सही

उम्मेदवार वा

मिति (उम्मेदवार) को निर्वाचन एजेण्ट

---

# फाराम नं. १९ नियम ४३ (१)

उम्मेदवारले आफ्नू नाम कटाएको सूचना

श्रीमान रिटर्निङ अफिसर

निर्वाचनक्षेत्र

महोदय,

प्रतिनिधिसभाको निर्वाचन क्षेत्रको उम्मेदवारबाट मैले आफ्नो नाम कटाई यो सूचना दिएको छु ।

ठेगाना सही

मिति उम्मेदवार

# फाराम नं. २० (नियम ५८ (२) )

विरोध भएको मतको सूची

निर्वाचन क्षेत्र

मतदान केन्द्र

मतलिने स्थान

| सि. नं. | मतदाता को नाम | मतदाता को नामावली को क्रम संख्या | मतदाता को सहिछाप | मतदाता को ठेगाना | मतदाता चिन्ने कोही मानिस भए निज को नाम | विरोध गर्ने व्यक्ति को नाम | प्रिजाइडिङ् अफिसर को निर्णय | विरोध गर्ने व्यक्तिले जम्मा गरेको डिपोजिट फिर्ता पाएपछि निजले सहिछाप गर्ने |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| मिति<br>सही | | | | | | | | |

| प्रिजाइडिङ अफिसर |
|---|

## फाराम नं. २१ (नियम ६२ (१) )

विशेष मतदानपत्र

सिलसिलेवार नम्बर

निर्वाचन क्षेत्र

मतदान केन्द्र मतलिने स्थान

मतदाताको नाउँ

मतदाताको नामावलीको क्रमसंख्या

मतदाताको ठेगाना

मत पाउने उममेदवारको नाम

मिति

## फाराम नं. २२ (नियम ६२ (२) )

**दोहोरिएको मतको सूची**

निर्वाचन क्षेत्र

मतदान केन्द्र मतलिने स्थान

| सि.नं. | विशेष मतदानपत्रको सिलसिलेवार नम्बर | मतदाताको नाम | मतदाताको नामावलीको क्रमसंख्या | मतदाताको ठेगाना | विशेष मतदानपत्र पाउने मतदाताको सहिछाप |
|---|---|---|---|---|---|
| | | | | | |

मिति
सही

प्रिजाइडिङ अफिसर

## फाराम नं. २३ (नियम ६७)

मतदानपत्रको फाँट

निर्वाचन क्षेत्र

मतदान केन्द्र मतलिने स्थान

| विवरण<br>साधारण मतदानपत्र विशेष मतदानपत्र |
|---|
| १. जिम्मा लिएको मतदानपत्रहरूको सिलसिलेवार नम्बर<br>२. जिम्मा लिएको मतदानपत्रको जम्मा संख्या |
| ३. खर्च नभएको मतदानपत्रहरूको सिलसिलेवार नं. |

| |
|---|
| ४. खर्च नभएको मतदानपत्रको जम्मा संख्या |
| ५. खारिज गरिएको मतदानपत्रको जम्मा संख्या |
| ६. प्रयोग गरिएको मतदानपत्रको जम्मा संख्या |
| ७. ब्यालेट बक्सहरूमा हुनुपर्ने मतदानपत्रका जम्मा संख्या |

मिति सही

प्रिजाइ

डिङ अफिसर

## फाराम नं. २४ (नियम ७३ (१)

मत गन्ती गर्ने सूचना

श्री

निर्वाचनक्षेत्रको निर्वाचनमा उम्मेदवारहरूले पाउनु भएको मत संख्याको गन्ती गर्ने काम ठाउँमा गते बजे हुने भएको हुनाले तपाईलाई सूचित गरेको छु ।

मिति सही

रिटर्नि

ङ अफिसर

**फाराम नं. २५ नियम (७५ (ज)**

बदर गरिएको मतदानपत्रको फाँट

निर्वाचन क्षेत्र

| सिलसिलेवार नम्बर | बदर गरिएको मतदान पत्रको क्रमसंख्या | मतदान केन्द्रको विवरण | बदर गरिएको मतदानपत्र पाउने उम्मेदवारको नाउँ | बदर गर्नुपर्ने |
|---|---|---|---|---|
| | | | | |

मिति

सही

रिटर्निङ अफिसर

# फाराम नं. २६ (नियम ७५ (ञ) र नियम ७७)

निर्वाचन परिणाम तालिका

निर्वाचन क्षेत्र

| मतलिने स्थान | | मत पाउने उम्मेदवारको नाम | | | मतलिने स्थानमा परेको जम्मा मतसंख्या | | | विशेष मतदानपत्रको जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| सिलसिलेवार नम्बर | नाम | सदर भएको मत संख्या | बदर भएको मत संख्या | | सदर भएको संख्या | बदर भएको मत संख्या | जम्मा मत संख्या | |
| १<br>२<br>३<br>४<br>जम्मा | | | | | | | | |

मिति

सही

रिटर्निङ अफिसर

# फाराम नं. २७ नियम ७९ (१)

निर्वाचनको परिणाम घोषणा गर्ने निर्वाचनको फाँट

निर्वाचन क्षेत्र

| सिलसिलेवार नम्बर | उम्मेदवारको नाम | उम्मेदवारले पाएको सदर भएको मत संख्या | उम्मेदवारले पाएको बदर भएको मत संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सदर भएको जम्मा मत संख्या

बदर भएको जम्मा मत संख्या

जम्मा विशेष मत संख्या

म बस्ने (उम्मेदवार)

निर्वाचनक्षेत्रबाट प्रतिनिधिसभाको सदस्य निर्वाचित हुनुभयो भनी यो घोषणा गर्दछु ।

मिति

सही

रिटर्निङ अफिसर

# फाराम नं. २८ (नियम ८५)

निर्वाचन खर्चको फाँट

निर्वाचन क्षेत्र

उम्मेदवारको नाम

उम्मेदवारको ठेगाना

उम्मेदवारको निर्वाचन एजेण्टको नाम

उम्मेदवारको निर्वाचन एजेण्टको ठेगाना

| सि.नं. | खर्च गरेको मिति | खर्चको विवरण | खर्चको अङ्क | | | रूपैयाँ दिएको मिति | रूपैयाँ लिने मानिसको नाम ठेगाना | तिर्न बाँकी रूपैयाँ पाउने व्यक्तिको नाम ठेगाना | रसीद भर्पाईको नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तिरी सकेको | तिर्न बाँकी | जम्मा | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

नोटः- निर्वाचन खर्चको फाँट पेश गर्दा खर्च गरिएको रकम कलमको बील भर्पाई रसीद फारामको महलमा लेखिएको क्रमानुसार नम्बर चढाई फारामसाथ सामेल राख्नु पर्दछ ।

उम्मेदवारको सही

मिति

उम्मेदवारको निर्वाचन एजेण्टको सही

मिति

(रिटर्निङ अफिसरले भर्नु पर्ने)

निर्वाचन खर्चको फाँट पेश हुनु पर्ने मिति

निर्वाचन खर्चको फाँट पेश भएको मिति

मैले यो निर्वाचन खर्चको फाँट जाँची हेर्दा, मेरो रायमा, म्यादभित्र रीतपूर्वकको फाँट पेश गरिएको छ छैन ।

मिति

सही

रिटर्निङ अफिसर